मोतीराम

बालकृष्ण सम

मोतीराम

(नाटक)

बालकृष्ण सम

प्रकाशक :
साझा प्रकाशन

संस्करण :
पहिलो
संवत् २०३३ (११०० प्रति)
दोस्रो
संवत् २०५२ (२१०० प्रति)
मूल्य; १६/-

मुद्रक :
जागृति छापाखाना
असन, कमलाक्षी
काठमाडौं, नेपाल ।

प्रकाशकीय

माध्यमिक कालका साहित्यिक नायक थिए मोतीराम भट्ट । उनको प्रतिभाद्वारा प्रेरित; भाषा-साहित्य सेवाद्वारा प्रभावित, संगठन र प्रकाशनद्वारा प्रचारित मध्यकालीन नेपाली साहित्य उनकै केन्द्रीयतामा संयोजित थियो भने नेतृत्वमा प्रवाहित । विधाका बन्द मुहानहरू फुटेर्नै उनको प्रयत्नले बाटो फैलिन्छ । यसरी चलहल नै नगर्ने साहित्य हलचलले छोएर भानुभक्त हामीमा ब्यूँतिन्छन् ।

उठ्नलाई कुनै मूर्ति उभ्याउनै पर्दोरहेछ । भानुभक्त बर्ष थिए । यो बर्ष हिजोआजको अर्थमा मात्र) भाषा-साहित्यको विराट् प्रतीक-स्वरूप प्रतिस्थापित हुन्छ र हाम्रो आराध्य भई आस्थाको आदिपुरुषमा वरिणत हुन्छ । त्यसैले अत्रैपर्छ- मोतीरामले हामीलाई भानु-भक्त दिए । उनी नभइदिएका भए भानुभक्त झन् अपरिचित नै रहन्थे कि ? अनि भानुभक्त नभएका भए मोतीरामले उभ्याउने मूर्ति नै

पाउँदैन थिए। [अर्थात् भाषा र साहित्यको प्रतीक मानी जुन आस्थाको आधारमा साहित्यिक परिवेश तयार भयो त्यसको मेरूदण्ड नै महँदा मोतीराम जन्मन पनि ढीलो हुन्थ्यो कि?

यसरी मोतीले भानुभक्त दिए, भानुभक्तले मोतीराम बनाए। अनि उनै मोतीरामलाई उनको कृतित्व र व्यक्तित्वसहित हामीसमक्ष राखिदिनुहुन्छ बालकृष्ण समज्यू।

व्यक्तित्वलाई चिह्न व्यक्तित्वकै आवश्यकता पर्छ। समज्यूले बिनाउन खोज्नु भएको मोती यथार्थमा नेपाली साहित्यका मोती थिए—उनीप्रति श्रद्धा, उनको सेवाप्रति कृतज्ञता र उनीबाट भएको साहित्यिक प्राप्तिप्रति सरहाना समज्यूको प्रस्तुत नाटक मोतीराम हो। यसलाई छापेर साझा प्रकाशन पनि आफ्नो श्रद्धा व्यक्त गर्न पाएकोमा खुशी प्रकट गर्दछ।

२०३३, माघ

साझा प्रकाशन

पात्रहरू :

नाटकमा भाग लिएको क्रमानुसार

भारतेन्दु हरिश्चन्द्र	भारतीय कवि
एक विद्यार्थी	
पद्म विलास पन्त	कवि
मोतीराम भट्ट	कवि
तेजबहादुर राना	मोतीरामका सहपाठी
बालक बालिका	राजीवलोचनका
दिव्यदेव पन्त	पण्डित
हरिहर आचार्य	पण्डित
राजीवलोचन जोशी	कवि
मरीचिमान सिंह	सुब्बा
कृष्णदेव पाँडे	मोतीरामका सहयोगी
तीर्थराज पाँडे	कवि
लक्ष्मीदत्त पन्त	कवि
अंजद हुसेन	(मियाँ) कवि
गोपीनाथ लोहनी	कवि
नरदेव पाँडे	कवि, कृष्णदेवका भाइ

वीरसमशेर	महाराज प्रधानमन्त्री
डम्बरसमशेर	ले. जनरल
चन्द्रसमशेर	जङ्गी लाठ
देवसमशेर	कम्याण्डर—इन—चीफ़
विष्णुप्रसाद शाह	चौतरिया
रमानाथ आचार्य	कवि भानुभक्त आचार्यका छोरा
रिपुमर्दिनी	मोतीराम भट्टकी आमा
वैद्य	घाटे वैद्य

उपसंहारक—

मोतीराम

(जन्म १९२३-मृत्यु १९५३)

देशमा पहिल्यैदेखि अझ भनूँभने वैदिक समयदेखि नै राष्ट्रियता त थियो, तर सुस्पष्ट रूपले राष्ट्रवादको चेतना देखलाई दिन प्रारम्भ गर्ने कवि मोतीराम हुन् । नेपाली साहित्यमा आधुनिक भावना उनैबाट प्रारम्भ भएको हो ।

मोतीराम भट्ट केही राणा प्रधानमन्त्रीका समकालीन तथा केही राणा प्रधानमन्त्रीका सहपाठी थिए । मुख्यत: देवशमशेर र चन्द्रशमशेरसित उनले सार्थ दरबार स्कूलमा पढेका थिए । धीरशमशेरका छोरा सब्र भाइमा एक जना देवशमशेरलाई प्रधान सेनापति कृष्णबहादुरले धर्मपुत्र पालेका हुनाले उनी अरू भाइहरूभन्दा विशेष पैसा खेलाउन पाउँथे, त्यस कारण उनी अरूभन्दा बढी दानी र उदार स्वभावका थिए ।

प्रतिभाशाली मोतीराम भट्ट बालककालदेखि नै विचारवान् थिए, आफूसँगै पढ्ने विद्यार्थीहरूमध्येका विभिन्न आर्थिक अवस्थालाई उनी तुलनात्मक दृष्टिले हेरिरहन्थे; अनि अंग्रेजी भाषाद्वारा देश-देशान्तरको इतिहास र वर्णनहरू पढ्दा जनतालाई मूर्ख र दरिद्र राखिछोड्न खोज्ने स्वार्थी राणा प्रधानमन्त्रीको शासनका उनी विरोधी बन्दै गएका थिए । परन्तु उनको क्रान्तिमा भन्दा सुधारमा विश्वास थियो, त्यसैले आफ्नो

मन मिल्ने साथी उदार भावनाका देवशमशेरलाई उनले प्रभावित पार्दै गएका थिए। तर कलिलो उमेरमै देहवसान भएकोले उनको मनोरथपूर्ण हुन सकेन। उनको निधनपछि देवशमशेर प्रधानमन्त्री भए, उनले देशको धेरै सुधार गर्न खोजे तर उनलाई राम्रो सल्लाह र निर्देशन दिन सक्ने व्यक्ति नहुनाले उनी असफल भए।

मोतीराम देशको प्रत्येक क्षेत्रमा राष्ट्रियता चाहन्थे, त्यसैबाट देशोन्नति हुन्छ भन्ने कुरामा उनको धारणा थियो। स्वदेशी खानु, स्वदेशी लाउनु, स्वदेशी व्यवहार गर्नु, स्वदेशी बोल्नु तथा स्वदेशी हुनुपर्दछ भन्ने सपना उनी देख्तथे। प्रधानमन्त्री वीरशमशेरको दरबारमा ताज खाँ दुन्दे खाँ जस्ता मुसलमान वस्ताद्हरूले उर्दू मा गाना-बजाना सिकाएको तथा प्रधानमन्त्रीकहाँ उर्दूको महत्व हुँदा जताततै त्यसकै प्रचार भइरहेकोले मोतीरामको राष्ट्रवादी हृदय चिन्तित थियो। अनि उनले नेपाली कवि-हरूलाई जम्मा गरेर कविगोष्ठी, कविसम्मेलनहरू गर्न थाले, सानो छापाखाना खडा गरी पुस्तकहरू छपाउन लागे, अनि सबैलाई राष्ट्रभाषामै गीत लेखाउन लागे, अनि स्वयं आफ्नो रचना गाउन थाले—

'जता हेरो उतै मेरा नजर्मा राम प्यारा छन्'

अनि

'दुइ आँखिभौं त तयार छन् तरवार पो किन चाहियो
तिमी आफू मालिक भैगयौ सरकार पो किन चाहियो'

केही पछि यस्ता सरल गीतीकविताहरू सडक-सडकमा समेत सबका मुख-मुखमा राष्ट्रिय झण्डा झैं फरफराउन थाले।

त्यहाँपछि उनकै सल्लाहले प्रधान-सेनापति देवशमशेरले मोती-रामरचित नेपाली नाटक 'शकुन्तला' मोतीरामकै निर्देशनमा आफ्ना तालीमे सुसारेहरूलाई खेलाई प्रधानमन्त्री वीरशमशेर र अरू भाइभारा-दारलाई देखाए। नेपालीभाषामा खेलिने पहिलो नाटक त्यही थियो। त्यो देखेर त्यस बेला सब चकित भएका थिए। वीरशमशेरले मुक्तकण्ठले त्यसको प्रशंसा गर्दै भने 'यस्तो पो गर्नुपर्दो रहेछ,' अनि नेपाली नाटकको

निमित्त लालदरबारमा एक रङ्गशाला बन्न थाल्यो । तर मोतीरामको निधन भएपछि वीरशमशेरको पनि निधन भयो– त्यो रङ्गशाला पूरा हुन पाएन ।

मोतीरामको दीर्घायु भएको भए देवशमशेरका क्रान्तिकारी सुधार-कार्य सफल हुने थियो तथा हाम्रो राष्ट्रभाषा र साहित्य अहिले जुन ठाउँमा पुगेको छ यसभन्दा धेरै अगाडि पुगिसक्थ्यो ।

मोतीरामले परीक्षामा उत्तीर्ण हुन अत्यन्त परिश्रम गरेकाले उन-लाई क्षय भयो । परन्तु जतिसम्म पढाइमा सफलता मिले पनि आफ्नो होइन राष्ट्रकै हित होस् भन्ने उनलाई थियो, आफू मर्ने वेलामा उनले आफ्नी आमालाई भनेका थिए– 'आमा, म त तपाईंको मर्ने छोरो हुँ, तर मैले जे जति राष्ट्रभाषाको निम्ति सेवा गर्न सकेको छु तो मेरा कृतिहरू तपाईंको नमर्ने छोराहरू हुन्, यिनलाई हेरेर चित्त बुझाउनोस् !'

उनको यो पुकारा उनको प्रत्येक पुस्तकको मुखपृष्ठमा रहन्थ्यो–

'पर्छे यो कविता शरण् सकलका पालन् गरून् प्रीतिले'

मोतीरामको मृत्युपछि धेरैसम्म निदाएको हाम्रो राष्ट्रभाषा बल्ल बल्ल अहिले ब्यूँझन पाएको छ ।

२०३३ –बालकृष्ण सम

मोतीराम

वि. सं. १९४०

दृश्य-१

काशी, उत्तर भारत।
हरिश्चन्द्र हाइस्कूल* को
एक कक्षा–कोठा।

पर बीच भित्तामा ठूलो भारतवर्षको
मानचित्र झुण्ड्याइएको छ। त्यसको
एकातिर आधा झ्याल छ, त्यहाँबाट
काशीनगरी र भागीरथीको केही भाग देखिएको
हुन्छ। मानचित्रको अर्कोतिर अग्लो मञ्च-
माथि मेचमा बसेर अघिल्तिरको टेबिलमा
पुस्तकहरू फिजारो–

* पछि हरिश्चन्द्र इन्टरमिडिएट कालेज अझ पहिले प्राइमरी स्कूल, अनि मिडिल

पढाइरहेका हुन्छन् । उनको अगिल्तिरका डेस्कबेञ्च–(पुस्तक राख्ने र बस्नेसमेतका लामा लामा) मा विद्यार्थीहरू हुन्छन् । दर्शकवृन्द अथवा श्रोतृवर्गपट्टि उनले पीठ फर्काएका देखिन्छन् ।

हरिश्चन्द्र– अन्तिम– Scott's Patriotism

एक विद्यार्थी– (उठेर) भारतेन्दुबाबू, पेट्रिअटिजम माने ?

हरिश्चन्द्र–देशभक्ति । [विद्यार्थी बस्तछन्]

Breathes there the man, with soul so dead,
Who never to himself hath said
"This is my own, my native land !"
Whose heart hath ne'er within him durn'd
As home his foot-steps he hath turned
From wandering on a foreign strand ?

एक विद्यार्थी– फरिन स्ट्राएण्ड माने ? [उठ्तछन्]

हरिश्चन्द्र– विदेश अथवा विदेशी तीर–किनारा [विद्यार्थी बस्तछन्]

If such there breathe, go mark him well;
For him no Minstrel raptures swell;
High though his titles proud his name,
Boundless his wealth, as wish can claim:
Despite those titles, power and pelf;
The wretch, concentrated all in self,
Living, shall forfeit fair renown,
And, doubly dying, shall go down
To the vile dust, from whence he sprung
Unwept, unhonoured, and unsung.

[हरिश्चन्द्र उठेपछि सब उठ्‌तछन्‌]
[उनी निस्केपछि सब निस्कन्छन्‌]
केवल एक विद्यार्थी फेरि
आफनो ठाउँमा बस्तछन्‌ ।
अझै उनको पीठ मात्र देखिन्छ ।

पद्‌मविलासको
फेरि प्रवेश

पद्‌मविलास– मोतीराम !

मोतीराम– (उनीतिर फर्केर) किन पद्‌म ?

पद्‌मविलास– किन ? सबै निस्किसकेको तपाईंलाई थाहा छैन ? म त बाहिर यताउता हेर्छु पाउँदिन, अनि फेरि फर्केर आएको; के पढ्‌दै सुतेको ? हो ?

मोतीराम– सुतेको हैन, ब्यूँझेको ।

पद्‌मविलास- नसुतीकन कोही ब्यूँझन्छ ?

मोतीराम- हेर्नोस् पद्‌मविलासजी, हामी विलासमा सुतिरहेका त छौं नि; हाम्रो देश सुतिरहेको छ; अज्ञानको अन्धकार छ, शिक्षा छैन; ईर्ष्या छ द्वेष छ; ठूलो हुने धन कमाउने सपना छ, अस्तिको घटना सुन्नुभइहाल्यो- त्यो यही बयालिस सालको पर्व हो ।

पद्‌मविलास– तपाईंका सहपाठीहरू पनि त ठूला भए नि,–देवशमशेर चन्द्रशमशेर–

मोतीराम– हो, उहिले सँगै पढ्‌दा तिमी भनिन्थ्यो अब उनीहरूलाई हजुर प्रभो भन्नुपर्‍यो, मर्जी, निगाह, गरीब-परवर सवारी, राजहोस् भन्नुपर्‍यो,

पद्‌मविलास– के ईर्ष्या ? मोती, मलाई तपाईंको जति सुकै माया लागे पनि यही ईखालु बानी चाहिं मन पर्दैन ।

मोतीराम– त्यसो ?

पद्मविलास—मैले साँच्ची भनेको ?

मोतीराम—पद्म, मानिसमा ईख र सर्पमा विष भएन भने त्यो के मान्छे, त्यो के सर्प ! तर ईख भर्ने पनि जान्नुपर्छ । मलाई आफ्ना सहपाठी साथीहरूले धन कमाए मान कमाए भन्ने कुरामा ईर्ष्या छैन; तर उनले जनतालाई अन्धकारमा राखिछोडे भन्ने कुरामा द्वेष छ । मलाई अरू देशले गरेको उन्नति देख्दा र सुन्दा ईर्ष्या लाग्छ ।

पद्मविलास—ईर्ख किन गर्नु पर्‍यो, उनीहरूले गरेजस्तो गरे त भइहाल्यो।

मोतीराम— उनीहरूले गरे जस्तै गरे त शुगा भइहाल्यो नि, शेक्स्पियरले ।

"This England never did nor never shall;
lie at the proud foot of a conqueror."

भनेकोमा त्यही दोहोऱ्याउनु भएन, बरु त्यसको जवोफमा भन्न पऱ्यो—

"This Nepal never did, nor never shall
lie at the proud foot of a conqueror."

भनि हिमालय-शृंखला र महाभारतको डाँडा, प्रफुल्ल फलवान् वन्य र धान्य उपत्यकालाई देखाएर कराउनैपऱ्यो—

'This other Eden, demi-paradise'
This fortress built by Nature for hesrself.

फेरि कसैले आफ्नो देशको कविलाई देखाएर फूर्ति झिक्यो भने हामी भन्न सक्तैनौं ?— हाम्रा पनि भानुभक्त छन्, उनले पनि लेखेका छन्—

'अलकापुरि कान्तिपुरी नगरी'
'अमरावति कान्तिपुरि नगरी'

पद्मविलास—(हाँस्दछन्)

मोतीराम—(किन ऊनले सेता दौरा सुरुवाल र भक्तपुरे टोपी लाएका छन्)

पद्मविलास-(झन् हितका छोडेर हाँस्तछन्)

मोतीराम- [उच्च स्वरले] किन हाँसेको ?

पद्मविलास-[हास्तै] भानुभक्त-कान्तिपुरी-कति ठूला !

मोतीराम- (रुन्चे स्वरले) मेरो भानुभक्त ! मेरो-(बेन्चमा बसी डेस्कमा घोप्टो पर्दछन्)

पद्मविलास-(त्यहींनेर बसेर) मोती, मैले बिराएँ, बिन्ति छ मलाई क्षमा गर्नोस् (चिउँडो समाती मोतीरामको टाउको उठाएर) यी मोतीका दाना एक दिन उनिएर नेपाली साहित्य सरस्वतीको हातमा स्फटिकको माला बन्नेछ, मैले तपाईंको चित्त दुखाइ-दिएँ ।

मोतीराम- भानुभक्तको अपमान गर्दा तपाईंको आफ्नै चित्त चाहिं दुख्तैन हैं ? धनी र ठूलो मान पाएकाको प्रशंसा त जो पनि गर्दछ, महाराज जङ्गबहादुरको विषयमा त हाम्रै भारतेन्दु हरिश्चन्द्र बाबूले लेख्नुभएको सुन्नु हुन्छ ?

(अगिल्तिरको पुस्तक पल्टाएर बाँच्तछन्)

"बादशाह रंजीत सिंहको सब लोग भारतवर्षका अन्तिम मनुष्य कहते थे परंतु महाराज जङ्गबहादुर ने अपने अप्रमेय बल से उन्हीं लोगों से यह कहलाया कि महाराज जङ्गबहा-दुर भी ..... एक ऐसा पुरुष मरा कि भारतवर्ष के सच्चे हितकारी लोगों का जीटूट गया । भादों कि गहरी अँधेरीमे एक दीप जो टिम टिम कर के झिलमिला रहा था, वह भी बुझ गया । क्या इस अभागिन भारतमाता को फिर ऐसे पुत्र होंगे ? नीति के तो मानो ये मूर्तिमान अवतार थे । ऐसे प्रदेशमें रह कर जो चारों ओर भिन्न भिन्नराज्यों से घिरा हो स्वामी की उन्नति साधन करते हुए आसपास के कठिन महा-राजों को प्रसन्न रखना नीतिसूत्र के परम चतुर सूत्रधार का काम है । हम लोगों के भाग्य ही ऐसे हैं, यह रोना कहाँ

तक रोएँ ।"०

(पुस्तक बन्द गरेर)

देख्नुभो ? तर भानुभक्तको निम्ति हने को ? हाम्रा मोती पनि सधैं कविताको निम्ति रुन्छन् ।

मोतीराम– पद्म चाहिं आँसुभन्दा माथि उठेर पट्टु फुल्छ, त्यसमा कुनै विन्दु पऱ्यो भने पनि त्यो तरिएर झर्छ-पद्म भिज्दैन ।

पद्म··· म त्यति निष्ठुर छैन मोती ! मोती, भमरालाई थुन्दा नि ?

मोती ··· -म तपाईंसित बोल्न सक्तिनँ । आफ्ना निम्ति त सब रुन्छन्, तर कविताको निम्ति रोइदिने को ?

पद्मविलास–यो मोती ! मोती सधैं आँसुको ढिका बनेर रहन्छ, जङ्ग-बहादुरलाई किन भारतेन्दुबाबुले भारतकै सम्पत्ति सम्झनु भएको रहेछ ।

मोतीराम– त्यस्तै हो, गौतम बुद्ध भारतका कि चीनका कि जापानका कि लङ्काका कि ब्रह्म देशका सब आफ्नै आफ्नै डमरु बजाउँछन् ? तर तपाईं हामी कपिलवस्तु लुम्बिनीलाई देखाएर भन्छौं-- नेपालका; यो यस्तै तो ।

(बाहिरतिर हेरेर) तेजबहादुर राना आइपुगे उः-

तेजबहादुरको प्रवेश

क्या हो तपाईंले त मैले दिएको समस्यापूर्ति गरिसकेको हर्षो-त्फुल्ल अनुहार छ नि, हो ?

तेजबहादुर- चेतसिंह शवाली र काशीनाथले त सिद्धयाए रे रङ्गनाथको अलिकति बाँकी छ रे, म पनि अरेसम्म त सिद्धाइसक्छु[बसेर] त्यहाँनिर–एउटा शब्द–खोइ–मिल्द मिथेन, मिल्दै मिलेन, भानुभक्तको रामायण राम्ररी पढ्न पाइएको भए अनुप्रास मिलाउन तपाईंले लेख्नेको कवितामा जस्तै–

'चहुँ दिश फुल फुल्ध्यो फूलले बास दिन्ध्यो ।

··· ··· ··· ··· ··· ··· ···

अनि त रस कलीको हल्ली हल्ली चुसिन्ध्यो ।

---

० भारतेन्दु ग्रन्थावली (तृतीय खण्ड)-ब्रजरत्नदास

मोतीराम–पख्नोस् अब, रामकृष्ण वर्मालाई त्यो भानुभक्तको रामायण छपाउन दिएको छु, चाँडै सिध्याइदिन्छु भनेका छन् । मसित त्यो एक प्रति हस्तलिखित छ कसलाई दिऊँ कसलाई नदिऊँ उः हाम्रा पद्मविलासजीले छ सात दिनसम्म राखिदिनुभयो, मैले त्यतिसम्म पाठ पनि गर्न पाइनँ ।

(चिन्तित हुन्छन्)

पद्मविलास-के गर्नु–त्यो पढेपछि छोड्नै सकिंदैन । भानुभक्तको भाषामा टुना छ ।

मोतीराम–अहिले यसो भन्नुहुन्छ, अगि हाँसेको होइन !

पद्मविलास–त्यो त तपाईंले भनेको मान्छु–भानुभक्त हाम्रा सम्पत्ति हुन्, तर अरूको निम्ति –?

मोतीराम–त्यो त हो पद्म, भारतेन्दु बाबूले पनि भानुभक्त सुन्न चाहनुभयो मैले लय हालेर पढी सुनाएँ ––'गयो खान्या बेला मकन त मिल्यो राज्य वनको' भन्ने ठाउँमा पुग्दा मलाई आँसु आयो तर त्यसले हरिश्चन्द्र बाबूलाई छुँदै छोएन । अनि उहाँले भन्नुभयो––'मैले बुझें भानुभक्त तिम्रो देशको निजी सम्पत्ति रहेछ–तिम्रो आफ्नै सुटु रहेछ, त्यसका ढुकढुक तिमी नै चाल पाउछौं पाऊ ।'

तेजबहादुर–मोती, तपाईंले बनाएको हाम्रो नेपाली कवि-मण्डलीको विषयमा पनि उहाँ कहाँ त्यतिको प्रसन्न हुनु हुन्छ र !

पद्मविलास–हो उहाँ चाहनुहुन्छ, खडो बोलीले संसार ढाकोस् !

मोतीराम त्यो को चाहँदैन ! के हामी चाहँदैनौं नेपालीले ससार ढाकोस् त्यही चाहना, त्यही देशभक्ति, भाषाप्रतिको त्यही आत्मसम्मानका निम्ति त म भारतेन्दुबाबूलाई गुरु मान्दछु,तर समान भावनाको निम्ति होइन; किनभने हाम्रो पनि स्वतन्त्र देश छ स्वतन्त्र अस्तित्व छ, स्वतन्त्र भाषा छ । तर दुःखको कुरा त यो पो छ–संस्कृतका छोरीहरू बङ्गाली गुजराती मराठीह–

रूको त कुरै छाडौं सबभन्दा कान्छी छोरी भारतेन्दुबाबूको हिन्दीको समेत कति उन्नति भइसक्यो कति पुस्तक कति पत्र-पत्रिका छन् यहाँ, आज संस्कृतिको, सबभन्दा जेठी छोरी नेपालीभाषाको यो दुर्दशा देख्दा छाती चिरिन्छ–कुन ढुङ्गामा गएर टाउको फोडूँ जस्तो लाग्छ ।

पद्मविलास-फेरि ! मोती, मलाई भनिहाले नि तपाईको जतिसुकै माया लागे पनि यही ईखालु बानी चाहिं मन पर्दैन ।

मोतीराम– मन नपरे म के गरूँ त ?–आफूलाई ठगूँ आत्मा बेचूँ ?

पद्मविलास-पहिले पढ्नू गुन्नू धनमान कमाउनू अनि बिस्तारै बिस्तारै सब कुरा मिलेर जान्छ । यस्तो दुःखी पातलो मान्छे छ, अहिल्यै–देखि नै यसरी भुटभुटिन लागेछि बुझिस् तँ चाँडै नै मछैस्, अनि हामीले के गर्ने ! हामीलाई कसले बाटो देखाउँछ ?

तेजबहादुर–हो मोती, ज्यादा चिन्ता नगर्नोस्, नेपाली कवि र कविताको निम्ति आफ्नो स्वास्थ्यतिर पनि ध्यान दिनोस्

मोतीराम–मैले के घाँटीमा सुर्काउनी लाएको छु र ?

(सब हाँस्तछन्)

पद्मविलास–चिन्ताको आगोमा मुटु भुट्न लागेपछि घाँटीमा सुर्काउनी लाउनै पर्दैन ।

मोतीराम– म मरेर के हुन्छ, मेरो चिन्ताको चिताबाट तपाईंहरूको हृदयमा एक एक ओटा झिल्को मात्र जिम्मा लाउन सके भने मलाई पुग्छ । (उठेर) आउनोस् रामकृष्ण वर्माको भारत (जीवन प्रेसमा जाऔं, ताकिता लाऔं बालकाण्ड त पहिले चाँडै सिद्धयाईदिऊन् ।

तेजबहादुर– हिड्नोस् पहिले एक एकबीडा पान खाएर जाऔं,

(निस्कन्छन्)

वि. सं. १९४६

दृश्य २--कान्तिपुरी

मरूटोल

राजीवलोचन जोशीको घरको
पीढी र आँगनको केही भाग।
दुई जना केटाकेटी खेलिरहेका।

बालक– (सालको पातले बनाएको कागलाई लामो सिन्कामा नचाउँदै)
काग दाज्यै काग ! जाग दाज्यै जाग ! मुखले च्याप साग !
भाग दाज्यै भाग ! भाउज्यूतिर लाग ! काग दाज्यै काग !

बालिका– (त्यसै गरेर) कगिनी भाउज्यू आइन्, दही चिउरा ल्याइन् !
तिमीलाई पनि खवाइन् काग दाज्यै काग ! कगिनी भाउज्यूलाई
गुनिउँ चोलो देऊ !

दिव्यदेव र हरिहरको प्रवेश

दिव्यदेव– दुर्ब काग दाज्यै काग ! काग दाज्यै काग देऊ देऊ ! ए बाबू
हो, कविशिरोमणि कहाँ हुनुहुन्छ ?

बालिका– को ?

हरिहर– राजीवलोचन बाजे।

बालिका– भित्तै हो

हरिहर– यहाँ दिव्यदेव र हरिहर आएका छन् भनिदेऊ बाबू ।

बालिका– को को रे ?

दिव्यदेव– हैन हैन, जुवाडे बाजे र कान्छा पण्डित आएका छन् भनन् ।

राजीवलोचन– लट्ठी टेकेर [भित्रबाट निस्कँदै] आउनोस्, आउनोस् भित्र बसौं कि यहीं बसौं ? [नमस्कारको आदान प्रदान]

दिव्यदेव– यहीं बसौं घाम तापेर–

राजीवलोचन– ए नानी, ओछ्याउने ल्याइदे भित्रबाट ।

हरिहर– यहीं हुन्छ, यहीं हुन्छ । [केटाकेटीहरू खेल्दै निस्कन्छन्)

राजीवलोचन– हुन ता सुकुल हो यो पनि, सुकुल भन्नु वा कुशासन भनु तिनीहरूभन्दा धेरै बढिया छ । (सब बस्तछन्)

दिव्यदेव– कु–शासन–सु-शासन-

हरिहर– किन ? जूवा फुके जस्तो गरेर हाँस्नुभयो नि !

राजीवलोचन– तपाई पनि ! काँधको जूवा फुकेपछि खुशी मान्दैनन् त ?

दिव्यदेव– जुवाडेलाई गोरु नै पारिदिनुभयो ?

राजीवलोचन– हारे गोरु जितेचाहिं साँढे भइहाल्यो नि ।

दिव्यदेव– त्यो त हो, जो जित्छ उही भाले ।

राजीवलोचन– तपाईंहरू विशेष केही कामले आउनुभएको कि ?

हरिहर– पर्खनोस् अहिले मरीचिमान सिंह पनि आइपुग्छन् अनि मात्रै कुरा उठाउँला भनेर । हिजो चीफ साहेबकहाँ एउटा कुराको ठूलो छलफल भयो, त्यही--

राजीवलोचन– हो चीफ साहेब ! इतिहासको पृष्ठ कति चाँडो पल्टन्छ, पल्टने बित्तिकै त्यो अतीतको गर्भमा मिल्छ, अनि त्यो केदारकल्प हुन्छ । जङ्गबहादुर महाराज स्वर्ग भएको अस्ति जस्तो लाग्छ; ३८ सालपर्व हिजो जस्तो लाग्छ; ४२ सालको पर्व त गए राती सपनामा देखे जस्तै लाग्छ; ४२ साल पर्वका मुख्य मान्छे खड्ग समशेर घपिएका आजै बिहान झिसमिसेमा हो कि जस्तो,

अनि त्यसको चारैं महिना चारैं पलापछि साहिला कम्याण्डर-इन चीफ रणसमशेर स्वर्ग भए जस्ता लाग्छ। के अचम्म अहिले कान्छा पण्डितले चीफ साहेब बनेको देवसमशेरलाई नै भनेको हो भनेर एक छिन संझनुपर्ने।

दिव्यदेव– कालको विचित्र गति छ: कालस्य कुटिला गति:

हरिहर– मरीचिमान पनि आइपुगे। आउनोस् किन कति बियाँलो ?

मरीचिमान सिंहको प्रवेश

मरीचिमान- तँ तँ कविवर मोतीरामज्यूलाई पनि लिएर आऊँ भन्ने लागेको थियो। फेरि चीफ साहेबले तुरुन्त मर्जी भयो भनेर भन्न आए अनि जानुभयो उहाँ त थापाथलीमें।

[राजीवलोचनलाई ढोगेर बस्तछन्,

दिव्यदेव– लौत अब उहाँ पनि आउनुभइहाल्यो, भन्नोस् हरिहरजी कि मैं भनूँ शिरोमणिज्यूलाई ?

हरिहर-- भन्नोस् भन्नोस्।

दिव्यदेव-- होइन पहिले तपाईं नै भन्नोस् न।

हरिहर-- होइन, म भन्दिनँ पहिले तपाईं नै भन्नोस्।

दिव्यदेव– हुन्छ मैं भन्छु त, लौ सुन्नोस्। लोकराज गुरुज्यूले काशीबाट झिकाई मोतीरामलाई शिखा चढाएर आफ्नो तहबिल घरमा राखीबक्सेको दिनदेखि नै हाम्रो विद्वत्मण्डलीमा घमिरो लाग्यो उता गफाष्टक कविमण्डली जाग्यो। तपाईंहरू जे भन्नोस् मनमा कुरा लुकाउन म जान्दिनँ म त लागेको कुरा स्पष्टस्पष्टी भनिदिन्छु।

राजीवलोचन– त किन ? कसरी के के हानिलाभ भए त, सुनूँ।

दिव्यदेव– अब हेर्नोस् अग्निगर्भका शिष्य-हुँ गणेश अवतार नीलदेव पन्त जस्ताको नाति सरस्वतीका अवतार बाचस्पतिको छोरो हुँ म पनि-हाम्रो कुरा त पटक्क लाग्दैन, चक्रपाणि, गङ्गादत्त, विष्णुहरि, विद्यानाथ, सब मिल्ता लागे, पहिलेका महाकवि लक्ष्मण

ललितावल्लभ, शक्तिवल्लभ, महेश्वर, हरिदत्त, सुकृतिदत्त पन्त, छविलाल, चन्द्रदत्त, सब बिसिए, भिल्लकहाँ मणि मिलिकए जस्तै हुन लाग्यो। अब विद्वान्को दिन घर्कन लाग्यो–संस्कृतको अप-मान हुन लाग्यो 'मूर्खहस्ते न दातव्यमेव वदति पुस्तकम्।' हैन, विचार गर्नुपर्ने कुरा हो।

मरीचिमान– किन त्यस्तो संझनु भएको 'असङ्गसङ्गदोषेण सत्याश्च मति विभ्रमः।' बुझ्नु भो ?–

दिव्यदेव– आफ्नो साथी हुनेबित्तिकै पक्षपात नगर्नोस् म। एउटा गाइनेको कुराको सुनाइ हुन लागेपछि के भन्ने त ? चीफ साहेबलाई त एकोन्याइसके जस्तो छ, अब अर्कोतिहमा पुगेपछि के हुने हो।

मरीचिमान– गाइने भनी दिनुभयो ए !

दिव्यदेव– त्यो मोतीराम गाइने त हो त, त्यसले गाएको सुन्नु भएन ? वास्तवमा कवि भनेकै फटाहा भनेकै छ–'शास्त्रेषु भ्रष्टाः कवयो भवन्ति' उसमाथि झन् गाउन थाहेपछि त किन चाहियो–

'काव्येन हन्यते शास्त्रम्,
तच्च गीतेन हन्यते।'

मरीचिमान– जूवा नि पण्डित बाजे ?

दिव्यदेव– त्यो त गीता हेनुं पर्छ–भगवान्ले भन्नुभएको छ–छल कपटमा जूवा नै म हुँ–

'द्यूतं छलयातामस्मि।'

राजीवलोचन– हैन, वास्तविक कुरो बुझिएन। कुरो बात्तिएर कहाँको कता पुग्यो।

हरिहर– हाम्रा दिव्यदेव आवेशमा आउनु भइहाल्यो–अब मै भन्छु, सुन्नोस् मोतीरामले चीफ साहेबलाई लामो विन्तिपत्र टक्राएका रहेछन्, त्यसैमा हामीहरू सबैलाई राखेर छलफल गरिबक्सियो। मोती-रामले संस्कृतका विद्वान्को अपमान गरे भन्ने कुरा अलिकति पनि होइन, अधर्म भन्नु छैन। उनको मुख्य कुरा के हो भने

हामीले आफ्नो देशमा अब शिक्षाको प्रचार नगरी भएन । उता हिन्दुस्थानमा अङ्गरेजको शासन छ तापनि उर्दू गुजराती बङ्गाली तामिल, तेलंगी, मलयालम, हिन्दी आदि भाषाको दिन प्रतिदिन उन्नति हुँदो छ । अङ्गरेजको राज्यमा कति स्कूल पाठशाला छन्, अंग्रेजी बाहेकका पनि पुस्तक पत्र पत्रिका छन् । भारतेन्दु हरिश्चन्द्र त मरिहाले तर उनले कवि--वचन-सुधा, हरिश्चन्द्र चन्द्रिका बालबोधिनी, आदि पत्रपत्रिकाले हिन्दीको उत्थान गरेको मोतीरामले आफ्नै आँखाले देखे भनि ?-

मरीचिमान- देख्ने त हजारौ छन् आँखा खोल्ने जति सबैले देखे तर, मोतीरामले चाहिं गढेर हेरे, भनि हृदयले पनि देखे । भनि हामीलाई पनि देखाउन थाले । चीफ साहेबले पनि देखिबसियो हाम्रो देशलाई शिक्षाको अत्यावश्यक छ-

दिव्यदेव-खालि शिक्षा शिक्षा मात्र भनेर हुँदैन, कस्तो किसिमको शिक्षा?

हरिहर- सार्वजनिक शिक्षा, देशव्यापी शिक्षा ।

दिव्यदेव- हो, यसमा म सहमत छैन हैं, ए अबगाल आउने कुरा नभिक्-नोस्, पहिले महाराजलाई विन्ति चढाउनु पर्छ अभि हुन्छ ।

हरिहर- त्यो त चीफ साहेबले नै जाहेर गरिबक्सिहाल्दछ नि, जाहेर नगरेर गर्ने भन्ने कुरा त होइन ।

दिव्यदेव- देशव्यापी शिक्षा होइन के !-सार्वजनिक शिक्षा पात्र हेरेर शिक्षा हुन्छ, जथाभावी शिक्षा दिदा त बुझ्नुभो भस्मासुरलाई वरदान दिदा शिवजीलाई भए जस्तै पश्चत्ताप हुन्छ । कुचो लाउनेलाई कसरी राम्ररी बढानुपर्छ भन्ने शिक्षा दिने कि वेद पढाउने ? खेतीपातीको काम गर्नेलाई असल तरीकाले रोपाई शिक्षा दिने कि योगसूत्र सिकाउने ?

हरिहर- पहिले सबैलाई साक्षर त बनाउनुपर्‍यो-

दिव्यदेव- किन ? किन भन्छु म-

हरिहर- सीधा साधा जनतालाई जाली तमसुकबाट बचाउन, बुद्धिमानले

मूर्खमाथि प्रभुत्व जमाउँछ, आपना देशवासीलाई मूर्ख राखे शिक्षित विदेशीले तिनलाई दास बनाउँछन् ।

दिव्यदेव– अनि शिक्षित शूद्रले अशिक्षित ब्राह्मणलाई दास बनायो भने नि

हरिहर– त ब्राह्मणलाई पनि शिक्षित बनाउनोस् ।

दिव्यदेव– शिक्षा लुटाएपछि त्यो सर्व ब्राह्मणै ब्राह्मणको हात पर्ला भन्ने छ र ? जसको हातमा पनि पर्न स्वछ, बर्सेको पानी कुपाद्दमा पनि पर्न सक्छ ।

हरिहर– त यस्तो संकुचित विचारले देशोन्नति हुन्छ कर्ते ?

दिव्यदेव– त यस्तै उदार बनेर तपाई ब्राह्महत्या गराउन चाहनुहुन्छ ? शिरोमणि पण्डितका कान्छा छोरा तपाई कुलमणि बन्न छोडेर कुलाङ्गार हुन आँट्नुभो ? भानुभक्तको रामायण छपाउने मोती-रामको सङ्गत गुनाको फल हो यो ।

मरीचिमान– भानुभक्तको रामायण छपाइकन यस्तो प्रचार गरेर मोती-रामले के पाप गरे त ?

दिव्यदेव– पाप ! अवश्य !

राजीवलोचन– पाप ?

मरीचिमान– कसरी पाप ?

दिव्यदेव– पाप नभए के त ? धर्म ?

हरिहर– रामनाम पाप ?

दिव्यदेव– रामगीता भनेको मन्त्र हो, बुझ्नुभो ? आज त्यो शूद्रहरूले भट-याएर गाएको सुन्दासुन्दै पनि अझ मसित सोध्नुहुन्छ, के पाप भनेर ? तपाईहरू जूवाको निन्दा गर्नुहुन्छ, हो जूवामा पनि पाप हुने ठाउँ छ । झेल गऱ्यो भने, कपटी पाशा बनायो भने पाप लाग्छ तर जहाँसम्म जित्ने र हार्नेको मञ्जूरी छ, तब धर्मयुद्धमा जस्तै स्वच्छन्द रूपमा फालिएको धर्म पाशाले स्वयं निर्णय गर्छ अब त्यसमा सत्यता छ धर्म छ नर्म छ--पाप छैन । तर तपाईहरू आफ्नो भाग्यसित, आफ्नो संस्कृतिसित, आफ्नो संस्कृतिसित,

सप्त मर्यादासित: आहार विहार, आचार विचार, उच्चार प्रचार, साक्षात्कार सबलाई बाजीमा राखेर जूवा खेल्न उर्तासिनु भएको छ। त्यो पनि कपटी पाशाले । के तपाईहरू आफूम सत्य हुनुहुन्छ तपाईहरूलाई आफ्नो विश्वास छ ? आफ्नो बलले नखेप्ने कुरा उचाल्न नखोज्नोस् के। साँच्चि साँच्चि एक दिन त्यो हुनेछ, तपाईहरू झस्कनुहुनेछ। तपाईहरू आफ्नो अन्तस्करणले शूद्र र ब्राह्मणलाई समान संज्ञन सक्नु हुन्छ त ? पश्चिमी हावामा लागेर किन आफैलाई छकाउनुहुन्छ आफ्नो ब्राह्मणालाई ढाँटेर किन असद्व्यवहार गर्नु हुन्छ ? मनमा एकथोक मुखमा एकथोक म त स्पष्टवक्ता छु- आफूलाई लागेको कुरा भन्छु। हुन्छ ! हुन्छ ! म जुवाडि कि तपाईहरू जुवाडी। एक दिन नराश्रोसित हानुं हुनेछ–यहाँ अब कुनै ठूला पण्डितको प्रतिष्ठा रहने छैन, गाइनेको आदर हुनेछ, त्यस मोतीराम भानुभक्तले बनाएको रामायण मात्रै होइन, भानुभक्तकै रामायण जीवनचरित्र बनाउन लागेको छ भन्ने पनि सुन्छु, अब हुँदा हुँदा पछि भानु भक्तको मूर्ति खडा हुनेछ अनि उसको पूजा चल्ने छ संस्कृत पाठशाला पक्क परेर हेरिरहनेछ । त्यसमा मात्र लोकको हित हुने रहेछ भने होस् मलाई केही भन्नु छैन । 'वसन्तसमये प्राप्ते काक : काक : पिक: पिक: ।'

(उठेर निस्कन खोज्दछन् ।)

हरिहर– किन रिसाउनु हुन्छ, एकछिन त बस्नोस्, कविशिरोमणिको कुरा त सुन्नुहोस्, उहाँ के भन्नुहुन्छ–

विव्यदेव- परोपदेशसमये जना: सर्वेऽपि पण्डिता: । (सरासर निस्कन्छन् ।)

राजीवलोचन– भेंहाल्या, भेंहाल्यो, छोडिदिऊँ।

हरिहर- हामीहरूभन्दा धेरै पाको हुनुहुन्छ, यहाँलाई के गर्नु उचित लाग्छ त ?

राजीवलोचन– मोतीराम मकहाँ पनि आएका थिए अस्ति । उनीमित्र

देशप्रेमको एक अखण्ड दीप बलिरहेको छ– त्यसको प्रकाश कोठाभित्र बलेको बत्ती झ्यालबाट बाहिर देखिए जस्तै मैले उनका आँखामा देखे। मलाई देशदेशावरका धेरै वर्णन सुनाए, तपाईंहरूले पनि सुन्नुभएकै होला 'कवयः किं न पश्यन्ति'। देशप्रेम हुनाले नै देशको अवस्था देखेर उनको हृदयमा उब्जन गएका वेदना, भुटभुटी, छटपटी कल्पना, सङ्कल्प सब फिलिङ्गो पड्कदा उछिट्टिएका आगोका झरझराउँदो झिल्का जस्तै उनका वचनहरूमा अद्भुतका शक्ति छन्, त्यो त अहिले के भन्न सकिन्छ–

'क्रयविक्रयवेलायां काचः काचो मणिर्मणिः।'

हरिहर– हो त्यो त निश्चय, मलाई पनि त्यसको धेरै अनुभव छ।

राजीवलोचन– हामी केही चिस्सिसकेर पचासतिर लत्रन लागेकाहरूलाई समेत ततार्इ राष्ट्रको निम्ति केही न केही कार्यतिर लम्कन लाउने शक्ति उनमा छ। भएन भनेर मलाई पनि उनको युवक कविमण्डलीमा लगिछोडे, अनेक समस्यापूर्ति गराइछोडे। अब परिणाम के हुने हो, त्यो पो छ।

हरिहर– जिल्ला जिल्ला र मुख्य मुख्य गाउँ शहरमा गरेर अहिले जम्मा १०८ भाषापाठशाला सरकारबाट खोलियोस् भन्नु मोतीरामको भनूँ हाम्रै भनूँ विन्ति चढाई छ। मुखियारले त राम्रै रुचाइबक्सियो।

राजीवलोचन– जङ्गीलाठले नि ?

मरीचिमान जङ्गीलाठले त नजर भएको छैन क्यारे।

हरिहर– हो, नजर भएको छैन।

राजीवलोचन– रूख चढ्दा फितलो हाँगो समातेर उक्लन गाह्रो पर्छ। बलियो हाँगो समात्नुपर्छ। विन्तिपत्र राम्रो कुरा पुऱ्याएर

लेख्नुभयो ब ?

हरिहर– त्यो त लेखिएकै छ। मुख्यत: भाषा र संस्कृतको कुरामा बादविवाद पऱ्यो। दिव्यदेवहरूको भनाउ नेपाली भनेको बोलिने र त्यसै जानिने कुरा हो, नेपाली झ्याउरे गीतहरू त्यसै गाइने विषय हो, सिक्नै पर्दैन। नेपाली पढाउनै पर्दैन रे, त्यसैले संस्कृतकै दुई चार ओटा पाठशाला थपे त पुगिजान्छ–– त्यसो रे, अब यहाँलाई हामीले के भन्नु पर्छ। संसारभरका भाषाको पढाइ हुन्छ, के नेपाली भाषा, भाषा होइन ?

राजीवलोचन– नेपाली भाषा नै संस्कृत हुन सक्छ। प्राकृतबाट संस्कृत, संस्कृतबाट विकृत, फेरि विकृतबाट संस्कृत बन्छ भाषा। संस्कृत भाषा भनेको संस्कार गरिएको भाषा हो। हामी अहिले नेपाली भाषाको संस्कार गर्दैछौं। यसको राम्रो संस्कार गर्न सक्यौं भने नेपाली नै संस्कृत हुन्छ। देवभाषा वा राजभाषा हुन्छ। तर फेरि संस्कृतले अडेर रहनु हुँदैन। अडेको संस्कृत जमेको पानी जस्तै दूषित हुन्छ, मृत प्राय: हुन्छ। नित्य प्रगति चाहिन्छ। वेद पनि आफ्नो समयको नवीन र क्रान्तिकारी कृति हो, समयानुसार संस्कार गरिएको। त्यस्तै प्रत्येक संस्कारमा गतिशीलता चाहिन्छ––नुहाउने जलमा जस्तै नित्य नविनता चाहिन्छ त्यसमा हामीले झुकेर डुबुल्की मार्नु पर्छ। नवीनताको काँचुली बदल्नु नै संस्कार हो, क्षणिक विश्राम मात्रै संस्कृति हो। तर त्यो नवीनता परिष्कृत हुनुपर्छ–परिष्कृति नै संस्कृतिको जीवित लक्षण हो। कवि गौतमको उषसूक्ती जस्तै –'पुन:पुनर्जायमाना पुराणी समान वर्णमभि शुम्भमाना' प्रत्येक बिहानको सूर्योदय छटा नवीन हुन्छ- हुनैपर्छ।-नवो नवो भवति जायमान; मेरो कुरा कस्तो लाग्यो ?

हरिहर– जसको उत्तर छैन।

मरीचिमान– अवश्य हो, युगको व्यथा बोल्न नसके के विद्वान्; के कवि !

हरिहर– अझ यो पनि थपूँ न रोगको निदान पत्ता नपाए के विद्वान् के कवि !

राजीवलोचन– अझ यो पनि किन नथपूँ? व्यथाको उपचार गर्न नसके के कविराज ! के कविवर ! त्यसैले आफूभन्दा उमेरमा सानै भए पनि म मोतीरामलाई मान्दछु । बराबर उनको कविमण्डलीमा जान्छु । प्रत्येक कविलाई नित्यप्रति एक श्लोक बनाउने प्रतिज्ञा गराएका छन् मोतीरामले । मैले अझसम्म त्यो पालन गरेको छु । आउनोस् एक छिन भित्र बसौं । मेरी माले गाईको दूध पिएर हेर्नोस् त आज कति स्वादिलो छ, कविताको रस जस्तै छ ।

(सब भित्र पस्तछन् ।)

वि. सं. १९४७

दृश्य ३--- उहीं

ठहिटी

पुस्तकालय । भित्तामा ठूला अक्षरले 'मोतीकृष्ण कम्पनी' र 'भानुभक्तको ७ काण्ड रामायण' लेखेर पटहरू टाँगिएका छन् । दराजहरूमा केही पुस्तक देखिन्छन् । कुनातिर हार्मोनियम र तबला राखिएका छन् ।

वरिपरि सुजनीहरू बिछ्याइएका छन् । एकातिर छोटो मफलर जस्तो गरेर पट्ट्याएको सेतो पछ्यौरा भिरेका मोतीराम, राजीवलोचन, लक्ष्मीदत्त, गोपीनाथ, भोजराज नरदेव पाँडे, मियाँ अंजद हुसेन, रत्नलाल, गजब र अरूहरू उभिइरहेका छन्; अर्कोतिर कृष्णदेव पाँडे र तीर्थराज पाँडे भर्खर आएर उभिएका छन् । सबका लुगा दौरा सुरुवाल पटुका

पछ्यौरा छल्कने टोपी छन्, मोतीरामले भक्तपुरे टोपी लगाएका छन् गजबले माथ्र कोट लगाएका घडी भिरेका र पट्टा भएको कालो विर्के टोपी लगाएका छन् ।

कृष्णदेव– यहाँ पण्डित तीर्थराज पाँडे हुनुहुन्छ ।

(सबको नमस्कार आदान प्रदान हुन्छ ।)

पश्चिम तीन नम्बर दोर्दोरबाट पाल्नु भएको । यहाँ ठूला पण्डित हुनुहुन्छ, (पुस्तक देखाउँदै) यो महान् ग्रन्थ 'माधवानल कामकन्दला' यहाँकै कृति हो, यो ग्रन्थ हाम्रो यस पुस्तकालय-लाई प्रेमोपहार दिनुभएकोमा सबको पक्षबाट म यहाँलाई अभिवादन चढाउँछु । अब हाम्रो, कविमण्डलीका सबको परि-चय पनि गराऊँ । उहाँ कवि शिरोमणि राजोवलोचन जोशी हुनु-हुन्छ, उहाँ कविवर मेरा सहयोगी मोतीराम भट्ट हुनुहुन्छ, पहिले उहाँकै प्रेरणा र सहयोगले हामी दुवैको नाम राखेर यो मोती-कृष्ण कम्पनी' उठायौं, अनि यहाँहरू सबैले यसलाई सहयोग दिनु-भयो । हाम्रा अरू कविहरू हुनुहुन्छ उहाँ लक्ष्मीदत्त पन्त, उहाँ गोपीनाथ लोहनी, उहाँ भोजराज पाँडे अनि ऊ मेरै भाइ नरदेव पाँडे, उहाँ मियाँ अंजद् हुसेन, उहाँ रत्नलाल, उहाँ गजब बाबु साहेब; सब यहाँहरूले यस मण्डलीलाई उज्यालो राम्रो, मीठो, र गजबको बनाउनुभएको छ । अब सब विराजमान हुनुभए हुन्थ्यो ।

(सब बस्तछन् ।)

वार्तालाप होस् अब, कविवर भट्टजी, केही साहित्य पनि होस्, केही सङ्गीत पनि । (सब मोतीरामतिर हेर्दछन्)

मोतीराम– पहिले म कवितालै कविको स्वागत गर्छु–

'तीर्थराज कविराज -केशरी ।
मो भनूँ यि कविलाई केशरी ।।
जान्दछन् यि सब शास्त्र वेसरी ।
गर्दछन् तब न काव्य येसरी ।।'०

० मोतीरामको कविता संग्रहबाट

(सब करताली दिन्छन् ।

अहिले हामीहरूको बीचमा पद्मविलासजी पनि हुनुभएको भए कस्तो हुन्थ्यो, अब म यहाँको करकमलमा नेपालको एउटा अमूल्य रत्न राख्दछु–(ल्याएर) भानुभक्तको सात काण्ड रामायण ।

तीर्थराज- अहो, हाम्रो भाषामा पनि यस्तो छापिएर आइसकेछ ।

(पुस्तकलाई ढोग दिइसकेर पल्टाई हेर्दछन् ।)

कृष्णदेव - हाम्रा भानिज कविवरकै दृढ संकल्प र परिश्रमले हो यो छापिएको ।

तीर्थराज– धन्य हो ।-'लोकको गरू हित् भनी, साँचै हो, यसबाट हुने हितको साँधी नै छैन । कविवर कविवर नै हुनुहुँदोरहेछ । भन्नोस् त तपाईलाई यसमा कसले रुचि बसाल्यो ?

मोतीराम- खोइ !--जसको हो उसैले ।

तीर्थराज- 'जसको हो उसैले' को तात्पर्य ?

मोतीराम- मलाई पिताजीले उहिल्यै भन्नुभएको थियो मेरा पास्नीमा कवि भानुभक्ताचार्यजीले आएर मलाई भात खुवाइदिनुभएको थियो रे । सम्भव छ उहाँले खुवाइदिएको पवित्र भातको सितासे मेरो छातीभित्र जानकी सीताको दर्शन दियो होला अनि बालक कालदेखि नै मलाई रामको भक्ति गर्न सिकायो होला त्यसैले मेरा पिताजीले पनि मेरो नाम मोतीराम राखिदिनुभयो होला–

लक्ष्मीदत्त- अनि हामीले पनि मोतीमा साहित्य र सङ्गीतको सम्मेलन पायौं होला ।

(मोतीरामको अघिल्तिर हार्मोनियम राखिदिन्छन् ।

राजीवलोचन- उहीं गीत –'यता हेर्‍यो यतै मेरा नजरमा राम प्यारा छन्' (अंजद हुसेन तबला लिन्छन् ।

मोतीराम- (हार्मोनियमसित गाउँछन्)

"यता हेर्‍यो यतै मेरा नजरमा राम प्यारा छन्,

उता हेऱ्यो उतै मेरा नजरमा राम प्यारा छन् ।।
यसो भन्छौं त फलफुलमा, उसो भन्छौ त जलथलमा,
जता हेऱ्यो उतै मेरा नजरमा राम प्यारा छन् ।।
त्रिलोक चौंधै भुवनमाहाँ प्रभू व्यापक् जहाँ ताहाँ,
कहाँ सम्मन् भनूँ याहाँ, सबैमा राम प्यारा छन् ।।
पियारा भै हरी मेरा सधैं मनमा गरून् डेरा,
सबै संसारले भन्छन् र मोतीराम प्यारा छन् ।।*

[सब करतालो दिन्छन् ।

तीर्थराज- मेरा कान पवित्र बनाइदिनुभयो, अनि आँखाअगिल्तिर प्रभु व्यापक जहाँ ताहाँ भए जस्तै भयो ।

अजद हुसेन- उता दरबारमा ताज खाँ दुन्दे खाँहरूका गाना गुज्जी-रहेका छन्, यता हाम्रा शायरको यस्तो मधुर गीतले मलाई पनि आकर्षित गरेर यहाँ ल्यायो । अज्जानले गजल मोती भनूँ या गजमोती भनूँ, यसलाई आलादर्जाको-सम्झेको छ ।

तीर्थराज- हो यस्तो वातावरणमा मलाई पनि सधैं सधैं तपाईंहरू-सित सम्मिलित भइरहूँ जस्तो लाग्छ ।

मोतीराम तर हाम्रो यो मण्डली भजन मण्डली जस्तै आकाशजीवी भइदेला भन्ने मलाई डर लागेको छ । मैले भानुभक्तलाई कर्मले मनले वचनले पूजा गरेको रामायण लेखे भनेर होइन, नेपाली भाषामा लेखे भनेर ।

"बूढादेखि लिएर बालक पनि यिनको बयान गर्दछन् ।
यिन्का ग्रन्थ पढेर धन्य कविजी भन्दै स्मरण् गर्छन् ।।
रामायण् कविता सुधासरि भनूँ या क्या अगर यो भनूँ?
मोठा पद् अति दिल् प्रसन्न गरन्या या शारदै हुन् भनूँ ।।'०

---

* सङ्गीत चन्द्रोदयबाट १–अगरु, सुगन्धित काठ

० मोतीरामको 'कविसमूहवर्णनम्' बाट

जस्तो वाल्मीकीय रामायण अध्यात्म रामायणहरू छदैछन् फेरि भानुभक्तले सीतारामको चरित्रमा केही थपेका पनि छैनन्। हाम्रा भानुभक्तको महत्त्व त यहँ छ–यस पृथ्वीका अधिकारी पृथ्वीनारायण शाहको विशाल नेपालमा उनले नेपाली जिब्राइरूलाई महभन्दा मीठो भाषाले रसाइदिए रसाइदिए, अनि नेपाली हृदयहरूका तार सप्तकलाई एकै सुरमा बाँधिदिए आमा पहिले बोली सिकाएर बोली फुटाउँछिन्– आमा ! रामायणले हामी सर्वसाधारण जनताको बोली फुटाउला– मातृभूमिको मातृभाषा– अथवा राष्ट्रभाषा – अनि विचारको मुहान फुटेर आदान प्रदान हुन्छ अवश्य भन्ने हाम्रो मण्डलीको धारणा छ अनि जनचेतना वसन्त ऋतुमा पुष्प जस्तै आफै विकसित हुन्छ । राष्ट्रियचेतनाको निम्ति यहाँ त यस्ता गीत पनि गाइन्छन्–

(गजबलाई लक्ष गरेर गाउँछन् ।

"सुहाउँदैन अङ्गालो मगाउ कोट रेन्किन्को,
छकल्ली टोपि भो पर्दैन क्याप् चाहिन्छ हामंन्को ।।
कसोरी लाउनू धोक्रे कडा जुता मिझारेको,
हबस् फर्यायसी एक जोर् असल् बुट् बाट् कि ज्यकसन्को ।।
मिलाउँदैन ठिक वेला घडीवाल् उल्लु हुस्सूले;
दिई आड्र भिरी लिनु घडी चेन् साथ कुकेल्वेको ।।
कति झर्को तमाखूमा नली हुक्का नचाहीने र पानीको
सजीलो सट् चुरट् प्यून् अमेरीकन् टुब्याकोको ।।
इ बाँडाले बिगारे सुन, न छाँट् काँट् बेस् गरिदिन्छन्,
जडी मोती असल् औंठी झिकाउ एक ह्मिल्टनको ।।

[सब करताली दिन्छन् ।

लक्ष्मीदत्त– अस्ति भाव यहाँ यही औंठीको समस्यापूर्ति थियो ।

मोतीराम– हाम्रो त यसरी नै दिन बित्तछ कविराज, प्रत्येक औंसी परेवा अष्टमी चतुर्दशी पूर्णिमा–अनध्यायको दिन यस्तै रसबस हुन्छ । अगिपछि त पढ्नै पऱ्यो । यही अवसरमा मलाई अहिले यो

मेरा गुरु स्वर्गीय भारतेन्दु बाबूको लेख सुनाउन मन लाग्यो। उहाँलाई त व्यङ्गको आवश्यकता परेनछ सोझै लेख्नु भएको छ।

राजीवलोचन– सुनौं।

मोतीराम– पन्तजी यो बाँचिदिनोस्न।

(लक्ष्मीदत्त पन्तलाई पुस्तक दिन्छन्।

लक्ष्मीदत्त– (बाँचतछन्)

० "भाइ हो, तपाईंहरू मतमतान्तरको आग्रह छोडेर आपसमा प्रेम बढाउनोस्। यही महामन्त्रको जप गर्नोस्। यस्तो कार्य गर्नोस् जसबाट तपाईंक देशको रुपियाँ तपाईंकै देशमा रहन्छ। हेर्नुहोस् जस्तो हजारधारा भएर गङ्गा समुद्रमा मिल्दछिन् त्यस्तै तपाइंका लक्ष्मी हजार किसिमसित इङ्गलैण्ड फरासीस, जर्मनी, अमेरिकामा जान्छिन्। दियसलाई जस्तो तुच्छ वस्तु पनि उतैतिरबाट आउँछ। आफूले आफैलाई हेर्नोस् तपाईहरूले जुन मारकीनको धोती लगाउनु भएको छ त्यो अमेरिकामा बुनिएको हो। कुन लंकिलाटको तपाईंको झगा छ त्यो इंगलैण्डको हो, फरासीसमा बनेको काङ्गियोले तपाईहरू आफ्नो कपाल कोर्नुहुन्छ, अनि त्यो जर्मनीमा बनेको बोसोको बत्ती तपाईंको अगिल्तिर बलिरहेको छ। अफसोस, तपाईंहरू आफूलाई चाहिने वस्तु पनि नाउन सक्नुहुन्न। भाइहरू, अब त निद्राबाट ब्यूझनोस्। सब प्रकारले आफ्नो देशको उन्नति गर्नोस्। परदेशी वस्तु र परदेशी भाषाको भरोसा नगर्नु होस्। आफ्नो देशमा आफ्नै भाषाको उन्नति गर्नुहोस्।

राजीवलोचन– हैन, यही भाषा पाठशालाहरूको विषयमा बाबुले महाराजमा विन्तिपत्र चढाएकोको के निराशा भयो त?

गोपीनाथ– हाम्रा चीफ साहेबलाई अझसम्म यस विषयमा विन्ति चढाउने मौका नै मिलेको छैन रे।

०भारतेन्दु ग्रन्थावली (हिन्दी) बाट

कृष्णदेव– महाराजको मुहारमा उहाँ काकाकुलले आकाश ताके जस्तै ताकिरहिबक्सेको होला कहिले त्यहाँ बर्सला बर्सला जस्तो-काम पट्ला पट्ला जस्तो सरस बादलको प्रसन्न मुद्रा देखिन्छ अनि पो बिन्ति चढाई बक्सेला ।

लक्ष्मीदत्त– कति दिन पखंनुपर्ने हो त्यसरी । दैव जानून् । देव जानून !

राजीबलोचन–त्यो त त्यसै हो बाबु, एक वर्षापछि अर्को वर्षा आउनलाई पनि पूरा एक वर्ष पखंनुपर्छ । मैले एउटा नाटक 'कालीदासको शकुन्तला' कै आधारमा करीब करीब अनुवादै जस्तो बनाएँको दिएँ त्यही पाण्डुलिपि सुनाएको चीफ साहेब–लाई मन परेछ–

मोतीराम– कहाँ, घरका सुसारेहरूलाई खेल्न लाएर त्यो महाराजलाई नजर गराउने र अनि त्यही मौका पारेर भाषाशिक्षा प्रचार गर्ने कुरा बिन्ति चढाउने रे ।

तीर्थराज– तपाईंहरू सरस्वतीको उपासना गर्नु हुन्छ, उता लक्ष्मीको उपासना चल्छ । सरस्वती र लक्ष्मीको त सधैं वैरभाव छ । सरस्वतीको निवेदन लक्ष्मीको कानमा कहिले पर्ला ! तो कहित्यै मिल्दैनन् । तर होइन रहेछ, तो मिल्न पनि सक्ला रहेछन् ।

मोतीराम– मलाई पनि त्यस्तै लाग्यो कविराज, लक्ष्मी र सरस्वतीको सङ्गम नभई देश बन्दोरहेनछ––इङ्गल्याण्ड जर्मनी आदि देशको किन उन्नति भयो यही सङ्गमले । तब भने लक्ष्मीको आशीर्वाद नपाएको विद्वान् भोकै मर्छ सरस्वतीको आशीर्वाद नपाएको लक्ष्मीवान् अजीर्ण भएर मर्छ ।

(नेपथ्यबाट) "माथि को छ ? माथि को छ ?"

कृष्णदेव– ए भाइ, जा हेर को रहेछ । (नरदेव निस्कन्छन्)

तीर्थराज– सत्शिक्षाको सद्विद्याको हामीलाई अवश्य आवश्यक छ ।

मोतीराम– शिक्षा ! म त भन्छु शिक्षा ! पहिले 'गजेन्द्रमोक्ष' बाट नै प्रारम्भ किन नहोस्, समयमा हाम्रो शिक्षाको वि[illegible] हुँदा

हुँदा पछि केवल मोक्षको निमित्त चर्चा गर्न पनि समय आउला किनभने– "यस संसारमा परतन्त्रामा जस्तो दु ख केही छैन। उसमाथि पनि प्राय: कविहरू ता धन, जन, मर्यादा इत्यादि केहीमा पनि नभूली केवल स्वतन्त्रता खोज्दछन्।"*

नरदेवको फेरि प्रवेश

नरदेव– कविजीलाई फेरि चोफ साहेबबाट मर्नी भयो भन्न आएका रहेछन्।

मोतीराम– लौ। (एक छिन घोरिन्छन्।

मरीचिमान– उही नाटकको निम्ति होला।

मोतीराम– होला।

मरीचिमान– कि उही बिन्तिपत्रको निम्ति हो।

मोतीराम– सम्भव छ (एकै छिनपछि) हैन, शिक्षासित किन डर मान्नु भन्छु म, शिक्षा दिनु माने आँखा खोल्नु। हो अन्धालाई डोऱ्याउन सजिलो पर्ला, तर अन्धो न ठहरियो, त्यसैले आफू निदाएको बेला आफ्नो शिरलाई कुल्ची फोडेर हिंडन पनि त सम्भव छ। हो आफ्नो कु-कर्म उसबाट लुकाउन सकिन्छ। ऊ देख्तैन। त्यसैले आलोचना गर्न सक्तैन साथसाथै आफ्नो सुकर्म पनि त देख्तैन। अनि फेरि त्यसबाट समादर पनि त पाइन्न। अशिक्षितलाई डोऱ्याउन सकिन्छ, भन्नेले बिचार गर्नुपर्दछ हो त्यसलाई डोऱ्याउन आफ्नो विरोधी तत्वलाई पनि उत्तिकै सजिलो पर्छ। सत्यतासित दुश्मनी नलिएकाहरूमा मेरो त यही फरियाद छ– शिक्षा; शिक्षा, शिक्षा। हामी यही सत् शिक्षा हो भनेर ठोकुवा गर्न सक्तैनौं। भविष्यमा त्यही शिक्षित समुदायले अनुभव गर्दै हामीलाई देखाउँदै जानेछ सत् शिक्षा कुन हो। सद्विद्या के हो। अहिले त अशिक्षाको अँध्यारोमा हामीलाई प्रवेशको निम्ति यही चिराग काफी छ (देखाएर) भानुभक्तको रामायण।

---

* मोतीराम कृत 'कवि भानुभक्तको जीवन चरित्र' बाट

हामी गर्यौं । (मरीचिमानसित) आउनोस्, हुसेन पनि । यहाँ समस्यापूर्ति चलिरहोस्, रसभङ्ग नहोस् ।

(मोतीराम मरीचिमान
र अंजद हुसेन निस्कन्छन्
पर्दा बन्द हुन्छ] ।

वि. सं. १९४८

दृश्य-४ उहीं

नारायणहिटीको संतो दरवारको ठूलो बैठक

बीचमा केही उपहार गरिएका सामान पुस्तकहरूसहित राबर्टसको घूँडा-- सम्मको तेलचित्र (नेपथ्यमा ब्याण्ड बजाइरहेको हुन्छ । ठडचाई राखिएको हुन्छ ।

अनि घोडाका टापका बग्गीको आवाज सुनिन्छ । महाराज वीरसम्शेर; कम्पाण्डर–इन चीफ देवसमशेर जङ्गीलाठ चन्द्रसमशेर र जनरल डम्बरसमशेर ढोकानेर उभिई बाहिरतिर हेरिरहेका हुन्छन् ।'

[आवाज पर पर बिलाएर जान्छ ।

वीरसमशेर– (फर्केर) लार्ड–राबर्ट्स, बूढा भए पनि कस्ता फुर्तिला रहेछन्, हैं बूढादाइ ?

डम्बरसमशेर– (हात जोडेर) स–सरकार, सा–सारै र–रहिला ।

वीरसमशेर– (चन्द्रसित) धिराजलाई के भने रे ?

चन्द्रसमशेर– Unusually handsome भने ।

देशसमशेर– हुनु पनि हाम्रा महाराजाधिराज त अत्यन्त राम्रो ।

वीरसमशेर– ए बूढादाइ, भयो रबर्ट्ग्को तसवीर मोल्नि ऊ त्यहाँ बार दलीमाथि बीचमा झुण्डयाउन लाइदेऊ है ।

डम्बरसमशेर– ह–ह–हस् ।

वीरसमशेर– ए जुवाईंनारायण, आउनोस् अब मेरो तमाखु पनि त्याउनू भन्नोस्, बसन बाबु,

[कौचमा बस्तछन् वरिपरिका मेचमा देव र चन्द्र पनि बस्तछन् ।

बस । (डम्बरसमशेर पनि बस्तछन् ।

विष्णुप्रसाद शाह र उनको पछि पछि हुक्केको प्रवेश]

बस्नोस् जुवाईंनारायण पनि । ले ।

(रबरको नली भएको हुक्का अगिल्तिर राखिन्छ, वीरसमशेर तमाखु खान थाल्दछन् । हुक्के निस्कन्छन् ।

अँ, त्यो किताब के नि ?

चन्द्रसमशेर– हिजो बिन्ति चढाएको, सबभन्दा पहिला भएका तिनै मोतीरामलाई यही पन्ध्रवटा किताब लाडंले present दिएका छन्, नजर गराइकन उनलाई दिऊँ भनेर–

वीरसमशेर– के के किताब रहेछ ?

चन्द्रसमशेर–(हेर्दै) History of England तीन भाग Scott को आठ थोटा, यो बाइबल अनि English Dictionary, अनि Tales from Shakespeare, अनि Poetry Collection.

वीरसमशेर– हुन्छ देऊ । अस्ति काहिलाकहाँ हेरेको, मोतीरामले लेखेको

'शाकुन्तल' नाटक मलाई न वेश लाग्या, जुवाईंनारायणले के भन्नुभो ?

विष्णुप्रसाद– सरकार, ज्यादै राम्रो, गीत पनि ।

देवसमशेर– हाम्रै भाषामा पनि यस्ता राम्रा राम्रा पुस्तक छपाउन पाए धेरै जनाले पढ्न पाउँथे–

वीरसमशेर– ए, साँच्चि, अगि के कागज बाचेर सुनाउन लागेका थियौ, त्यही वेला लाठहरू आए, त्यसै भयो, अँ सुन्‌ न ।

[बराबर तमाख् तानिरहेका हुन्छन् ।

देवसमशेर- **[खल्तीबाट कागतको मूठा झिकी पढ्न थाल्दछन्]**

यहाँसम्म त विन्ति गरिसकें, अब–हाम्रा रैती अन्धकारमा छन्, सारै मूर्ख छन्, मूर्ख भएपछि कर्तव्याकर्तव्यको केही ख्याल रहँदैन त्यसो हुँदा तिनबाट जस्तोसुकै अनर्थ पनि हुन सक्छ, तौ मन लाग्यो भने जस्तै व्यभिचार गर्न पनि तयार हुन्छन, अलिकति रिस उठ्यो भने तौ मान्छेलाई मानसमेत वेर लाउँदैनन् ।

वीरसमशेर– अँ !

देवसमशेर– समय भन्ने कुरा कुन चराको नाम हो तिनलाई थाहा हुँदैन, त्यसैले प्रजालाई शिक्षित पार्नु अत्यावश्यक छ, शिक्षाले दह्रो पारेको देशभक्तिको जरा मात्र सुनचाँदीका कुटोकोदालोले खनी खोस्री हल्लाउन नसक्ने हुन्छ ।

वीरसमशेर– के रे ? यो फेरि भन ।

देवसमशेर– शिक्षाले दह्रो पारेको देशभक्तिको जरा मात्र सुनचाँदीका कुटोकोदालोले खनी खोस्री हल्लाउन नसक्ने हुन्छ ।

वीरसमशेर– अँ !

देवसमशेर– अहिले जापानले पनि सबभन्दा शिक्षामा नै जोड दिएको छ, सुनिन्छ त्यहाँ आधाभन्दा बढी मानिस शिक्षित छन्, सयकडा पचास । त्यसैले नै जापानले त्यसरी उन्नति गर्न सकेको हो । हाम्रो यहाँ हजारमा एक जना शिक्षित होला । अब हाम्रा के

पर्वत के तराई के नेपाल खाल्डा सबैतिर गाउँ गाउँमा एक एक पाठशाला रहनै पर्दछ ।

वीरसमशेर- काहिला ! **[एकै छिनपछि]** लौ भन भन पहिले–

देवसमशेर– अन्धा प्रजालाई हामी कतिसम्म डोऱ्याउन सकौंला अन्धा भएपछि ती परचक्री अथवा विदेशीले डोऱ्याएको पनि त चाल पाउँदैनन्। अझ, आफूले आफ्नै देशलाई कुल्चेको पनि पत्ता पाउँदैनन् । आँखा खुले मात्र एउटा एउटा मानिसले एक एक हात देशको धरतीको रक्षा गर्न सक्छ । यो एउटा दरबार स्कूल र दरबार पाठकालाले हाम्रा लाखौं जनतालाई शिक्षित पार्न सक्तैनन्, कम्तीमा पनि सय दुई सय पाठशाला अहिले तुरन्त खोलेमा मात्र जनताको आँखा उघार्न लान सकिने छ ।

वीरसमशेर– काहिला !

देवसमशेर– महाराज !

वीरसमशेर– यो तिमीले कस-कसको सल्लाहले लेख्न लगायौ ?

देवसमशेर- लेख्न त मुख्य मोतीरामले लेखेका हुन्, अरू कान्छा पण्डित हरिहरले पनि केही थपे– मेले पनि थपें ।

वीरसमशेर– खूप लेखाएछौ ।

देवसमशेर- मुनासीव कुरा लेखेका छन- कहाँ, दिव्यदेव त उही संस्कृत मात्र पढाउनु पर्छ भन्ने कुरा गर्थे तर संस्कृत
भनेको तमाम दुनियाँले पढेर पढिने कुरा होइन, भाषाबाटै शिक्षा प्रचार गर्नुपर्छ । **(चन्द्रसमशेरतिर हेरेर)** होइन त ?

चन्द्रसमशेर– [चूप लागिरहन्छन्]

वीरसमशेर– बुझ्यौ काहिला, तिमीले मोतीरामलाई चिन्नैपर्ने रहेनछौ ।

देवसमशेर- खोइ पढ्न त सँगसँगै पढेका हौं, भाइको पनि मेरो पनि क्लास फ्रेन्ड ।

वीरसमशेर- तिमी अझ केटाकेटी छौ काहिला, क्लास फ्रेन्डको खूब अर्थ लिएछौ । शिक्षा बढाएर तिमी के पाउँछौ ? भएकालाई

मात्र सह्यालेर राख्न सक्न आफ्नो कपालमा आर्छ भारी दिन बेसाउन खोज्छौ ? मोतीरामलाई त के हुन्छ ! जन्तें ठूलो हुगी आँबीबेरी आएपनि आरजाई केही हुँदैन, तर ठूला रुख त नराम्रोसित ढल्छ । प्रजालाई राम्ररी अँठ्याएर राख्न सकेनौ भने तिम्रो त मिति पुग्छ । यही अनपढ भइन्जेल न हो तिमी हामीले किचन सक्ने ! यस्ता दुई चार जना पढित हुँदा त तिमीलाई त्यसरी फुल्याउन थालिसके । झन शिक्षा प्रचार गरे कुन रूप होला ? कसां ठाहिलाले ?

चन्द्रसमशेर- हुकुम भएको मुनासीव हो, अहिले हाम्रो देशलाई शिक्षा बढाएर कुनै फाइदा देखिदैन ।

वीरसमशेर- मइनाई फाइदा कदर लिनाऊ । ठीक ठीक टाइममा काम गरुन् भनेर मैले घण्टाघर खडा गरिदिएको छु खान देऊ, लाउन बन्दोवस्त मिलाई देऊ । न्यायनिसाफ हेर, अन्यायमा कोही नपरून् कसैलाई भोका नाङ्गा नराख । रोगी नहोऊन् मैले हस्पताल राखिदिएकै छु, जनाना मर्दाना दुवै बुबाको पालादेखि पाकशाला रहेकै छ, रोजिन्दा त्यहाँका विद्यार्थीहरूले पहिले नखाइकन म खान, जान्नुपर्छ, त्यति मै सब दङ्ग छन् । शिखर-नाथले बनाएको किताब-के रे नाम ?

डम्बरसमशेर- वीरषष्ठिका ।

वीरसमशेर- हो, मुख्त्यार कहाँ हैनं पठायौ ?

डम्बरसमशेर- अब टक्राइपठाउँछु ।

वीरसमशेर- हो, त्यस्तो किताब लेख्नेलाई प्रोत्साहन दिनुपर्छ, छपाउन खर्च माग्थे, त्यो पनि दिन्छु । त्यहाँ मेरोमात्र हैन हामी सबै भाइको राम्रो वर्णन छ । मैले त उनलाई कवि पद्वी पनि दिए। अब तिम्रो मोतीरामलेचाहि 'कवि भानुभक्तको जीवन चरित्र लेख्न लागेको छरे-कस्तिको वर्ता ! महाराजाधिराजका पुरखाको जीवन चरित्र पनि भाषामा कसैले लेख्ने साहस गर्न सकेको छैन,

ऊ भानुभक्तको लेख्ने भइसक्यो ! मैले भेट्याल्यो लेखोस् भनेर छोडिदिएँ–तिमीहरूको क्लासफ्रेन्ड भनेर । अझ मलाई अर्को रिपोर्ट आएको छ ठूलो कान्छाबाट, बाचेर सुनाऊ ठाहिला–

चन्द्रसमशेर– (खल्तीबाट कागत झिकी पढ्छदन्)

'यस संसारमा परतन्त्रतामा जस्तो दुःख केही छैन । उसमाथि पनि प्रायः कविहरू ता धन जन मर्यादा इत्यादि केहीमा नभुली केवल स्वतन्त्रता खोज्दछन् ।'

वीरसमशेर– सुन्यौ ? के हो स्वतन्त्रता भनेको ? थाहा छ ? – भएन भनेर महाराजाधिराजलाई पनि कविता गर्न सिकाउँदा रहेछन्, अनि बीच बीचमा राजकाजका कुरा पनि गर्दा रहेछन् त्यसैले मैले नरदेवलाई नारायणहिटिमा ढोकाबन्द गरिदिएँ, ती कवि भनाउँदा राजीवलोचन र लक्ष्मीदत्त पन्तलाई पनि सप्टनी जागिरबाट खोसिदिएँ । तिनले खोजेको स्वतन्त्रता त्यही हो बुझ्यौ बाबु, ती दयारामका छोरा तिम्रो मोतीरामलाई पनि नसिहत दिनुपर्ला जस्तो लागेको छ मलाई ।

देवसमशेर– त्यो त जे गरिबक्सिन्छ, तर अवसर माफ पाए केही आफ्नो बुद्धि नपुगेको कुरा बिन्ती गरूँ कि ?

वीरसमशेर– हुन्छ, भनन के भन्यौ ।

देवसमशेर– संसारका घेरै ठाउमा क्रान्ति भएको हामीले सुन्यौं ।

वीरसमशेर– हो सुन्यौं, त के त ?

देवसमशेर– हाम्रो यहाँ पनि घेरै पर्व भए ।

वीरसमशेर– अँ अनि ?

देवसमशेर– हाम्रा थोरै प्रजालाई संसारको थोरै मात्र थाहा छ ।

वीरसमशेर– थाहा नै छैन भने पनि हुन्छ । त तिमीले भन्न खोजेको कुरा के ?

देवसमशेर तर हामीले सबैतिर बन्दाबन्दी गर्न सकेका छैनौं, कर्तै न कर्तैबाट केही न केही चुहिएकै छ, बिन्दु बिन्दुले पोखरी भरिन्छ ।

एक दिन न एक दिन अँध्यारो हट्छ, उज्यालो हुन्छ, घाम पनि लाग्छ । त्यस दिनलाई सझेर मैले बिन्ति गरेको । जताततै उद्योग बढिरहेछ– रेल, जहाज, दौडिरहेछन्, कलकारखाना बराउँदै बोल्दै प्रचार गरिरहेका छन्, हाम्रो देशको पैसा तिनैले थुतिरहेछन् । एक दिन हाम्रा प्रजा नाङ्गा हुनेछन् । भोका हुने छन् । अहिलेको मूर्खता भने हराइसकेको हुनेछ । तो जान्ने बुझ्ने हुनेछन् । त्यस वेलाका ती हामीलाई के सम्झलान्, केभन्लान ? त्यसैले मेरो बिन्तिगराइ त हामीले बेहोनुं पर्ने प्रजा त त्यस वेलाका तो हुन्, अहिलेका भोलानाथ शिखरनाथसित त हाम्रो कुरा मिल्छ तर पछिका सहस्रनाथको हामीले चित्त बुझाउनु छ । छोरो मूर्ख भयो भने पितृभक्त हुन्छ भन्ने त निष्ठुर बाबुले मात्र संझन्छ, स्नेहवान् बाबुले त आफ्नो कदर गर्न सकोस् भनेर छोरालाई विद्वान बनाउन चाहन्छ ।

वीरसमशेर– **(नली फाल्दै जुरूक्क उठेर उच्च स्वरले)** काहिला, यो कविमण्डली हैन, राजकाज हो बुझ्यौ ? जङ्गबहादुरको पालि देखिको कति कुरा संझाउँदा पनि तिमीलाई लाग्दैन ।

देवसमशेर– आफ्नो बुद्धि नपुगेको कुरा बिन्ति गरेको मात्रहुँ, अब हुकुम भएपछि त बुझिहालें ।

वीरसमशेर– बुझ्यौ, यही कुराले एक दिन तिमीलाई धोखा होला, मेरो बचन गल लाग्ला, पछुताउनुपर्ला ! मैले बेलामै भनिदिएको छु । लौ जाओ अहिले । आउनोस् जुवाईनारायण !

विष्णु– ए छाते ! **[छाते आए पनि वीर हिंडेर भित्रतिर पस्तछन् ।]**

–विष्णुप्रसाद र छाते उनकै पछि लाग्दछन् । हुक्के आई हुक्का उठाएर लैजान्छन् ।

देवसमशेर– (डम्बरसमशेरसित) रिसानी हुने कुरा त केही थिएन, भन्नोस, दाइ, आफ्नो मनमा लागेको कुरा त सफासफी विन्ति गर्नु पर्छ कि ?

डम्बर– ह-हजुर

देवसमशेर– ठाहिलाले मोतीरामको विषयमा पहिल्यै केही विन्ति गरेका थियौ कि ?

चन्द्रसमशेर– यस्तै मर्जी हुन्छ, सित्तैमा, मैले के विन्ति गर्नु पर्छ ! ठूलो कान्छाले नजर गराउन दिएको कागत नजर गराएँ त्यही हो ।

देवसमशेर– हैन अरू पनि केही विन्ति गर्‍यौ कि भनेर । अब अर्ती बुद्धि बक्सेपछि त त्यहीअनुसार गरिहाल्छौं नि, होइन त ?

डम्बरसमशेर– ह-हजुर

देवसमशेर– गरिबक्सिनु नगरिबक्सिनु त महाराजको इच्छा, कसो दाइ ?

डम्बरसमशेर– ह-हजुर ।

(नेपथ्यमा राग दरबारी
बुन्दे खाँसि गाएको सुनिन्छ)

देवसमशेर– को त्यो गाउने ? ताज खाँ हो ?

डम्बरसमशेर– (कान थापी) होइन बुन्दे खाँ नै हो । आज मुजरा छ ।

देवसमशेर–(चन्द्रसमशेरसित) आऊ ठाहिला भाउज्यूको दर्शन गर्न जाऔं अनि त्यतैबाट घर फर्कौंला, हुन्न !

चन्द्रसमशेर– हस् ! पहिले यो पठाइदिऊँ, ए !

बाहिरबाट बैठकेहरू आउँछन् ।

यो मेरो बग्गीमा हालिदे ?

[बैठकेहरू पुस्तक जति पोको पारी बाहिरतिर लैजान्छन् ।

अब सवारी गए–

(सब भित्रतिर पस्तछन् । पर्दा बन्द हुन्छ ।

वि. सं. १९५०

दृश्य ५-उही ।

ठहिटी

पुस्तकालय । त्यहाँ पुस्तकहरू बढेका छन् । मोतीराम भट्ट हार्मोनियम अगिल्तिर राखेका, सितार बजाइरहेका हुन्छन् त्यहाँ कृष्णदेव पाँडे, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी र नरदेव पाँडे हुन्छन् ।

कृष्णदेव– (मोतीरामले सितार राखेपछि) अनि मेरो भाइको चाहि ए- 'नरदेव पाँडेकृत मोतीराम वर्णनम्, उहाँको चाहि –'गोपीनाथ लोहनीकृत मोतीराम भट्ट वर्णनम्' पन्तजीको चाहि –'लक्ष्मी दत्त पन्त कृत कविकुलमुकुटमणि मोतीराम वर्णनम्' छ ।

मोतीराम– त भनें नि म जस्तो एउटा अदना मान्छेलाई पन्तजीले 'कवि-कुलमुकुटमणि' भनेर लेखिदिनु हुँदा त मेरो आङ सिरिङ्ग भयो साथीको माया लाग्यो भन्दैमा यसरी उचालिदिनुहुन्छ ?

लक्ष्मीदत्त- किन भन्नोस् त ?

मोतीराम- तपाईं भन्नोस्न्, आफ्नो योग्यता भन्दाबढी तारीफ पाउँदा मानिसलाई कुतकुती लाग्दैन ? हो खोत्रिएको मूर्ख भए त फुके रोटी जस्तै फुल्नुसम्म फुल्छ, तर-

लक्ष्मीदत्त- लौ यही नै जाँचको परिणाम भइहाल्यो नि,-तपाई खोक्रो भएको भए फुल्नुहुन्थ्यो, खोक्रो हुनुहुँदो रहेनछ, पूर्ण हुनुहुँदो रहेछ भन्ने त सरासर देखिहाल्यो नि, अनि मैले के झुटो लेखेछु त ? तपाईंले कलकत्तामा दिएर आएको जाँचको परिणाम नै यो भयो ।

मोतीराम- (हाँसेर) कविकुलमुकुटमणि ! एफ० ए० पाससम्म त हुन्छ हुन्न !

लक्ष्मीदत्त- निस्सन्देह, जरूर ! आज तपाई आफैं आफूलाई यसरी हाँसोमा उडाउनुहुन्छ, उडाउनोस्, आफ्नो अनुहार आफैं आँखाले त कहाँ देखिन्छ, आफूलाई हेर्न कि त ऐना चाहिन्छ कि त्यस्तै दिलदार मान्छे चाहिन्छ । आज तपाईको कदर यहाँ नहोस् तर आजभन्दा सय वर्षपछिको नेपाली समाज त फेरि तपाईलाई मुकुटमणि नै मान्ने छ । तपाईंकै मणिको प्रथम प्रकाश नेपाली भाषा कवितामा परेको हो, भाषाका महान् आदिकवि भानुभक्तलाई खोल्याएर देखाउने पनि तपाई नै हुनुहुन्छ भन्ने यो निर्विवाद सत्य त पानीमा परेको चक्का जस्तै जति समय टाढा हुन्छ उति ठूलो ठूलो हुँदै जाने छ ।

गोपीनाथ- पन्तजीले भन्नुभएको यो साँचो हो ।

लक्ष्मीदत्त- फेरि राजीवलोचनजीलाई कवि शिरोमणि भन्नुभएको कुन आधारमा नि ? केही कूट कवितालाई लिएर न हो, फेरि के ! तर म एउटा गोप्य कुरा सोधूँ है ? यहाँ हामी आफ्नै आफ्नै चार जना मात्रै त छौं नि !

मोतीराम-- कस्तो गोप्य कुरा ? भन्नोस् न ।

लक्ष्मीदत्त- यी नरदेवले लेखेको 'हरिवदन' को कुरा साँचो हो त ?-

(कविता हेरी पढ्दै)

"शृङ्गार रसले परिपूर्ण भाका ।
हरिवदनका वसमा पन्याका ।।
नेपाल फसिकेव त्रिषे वस्याका ।
श्री मोतीराम नाम पनि भयाका ।।"

मोतीराम-(अरू हाँसेको देखेर)नहाँस्नोस्, है, पखंनोस्, पहिले सुन्नोस् 'हरि' यो वैदिक शब्द पहिले इन्द्रको निम्ति प्रयोग भएको हो । 'नेपालको धनै हरियो वन' हो। पछि आर्यतारा, नेपालतारालाई पनि 'हरित तारा भने । पौराणिक कालमा हरियो वदन भएका विष्णु अनि राम कृष्णलाई पनि हरि भन्न लागे । यस्तै गरेर-

लक्ष्मीदत्त- कुरा नछल्नोस्न । नरदेवले भनेको हरिवदन कुन हो ?

नरदेव- मैले भनेको हरिवदन सुन्दरी त पाको पोखल्डधाङमा छ ।

मोतीराम- लोहनजी बोलिदिनु हुन्न मेरो निम्ति ?

गोपीनाथ- मैले त लेखिदिएको छु-

(कविता पढ्दै)

"यिन्को त डेरा छ सहर् बिचैमा ।
पाको पुखल्डधाङ भनि नाम टोल्मा ।।
तेही जगामा पनि मन् हर्न्याको ।
देखिन्छ बुढो तिनी बुद्धिमानको ।।"

मोतीराम- पन्तजीले पनि त देख्नुभएको छ । हरिवदन राम्री छैन् ?

लक्ष्मीदत्त- छ, त्यो त अवश्य, छैन को भन्न सक्छ ?

मोतीराम- सर्वोत्तम सौन्दर्यको सुनको प्रतिमा बनाए जस्तै ।

लक्ष्मीदत्त- त्यो पनि हो । अब ?

मोतीराम- यो उडिरहेको संसार-पन्छीका दुवै पक्ष त छन्: स्नेह र संग्राम । कवि यिनै दुईवाट प्रेरित हुन्छ । श्री ५ रणबहादुर शाहको पालामा शक्तिबल्लभ अर्ज्यालले 'जयरत्नाकार नाटक'

लेखे, उस वेला त्यस्तै आवहवा थियो, संग्राम चाहिएको थियो, कविले वीररस सिंचन गरेर देशमा जागृति ल्याउनु थियो, त्यस्तै भयो, अमरसिंह थापा, भक्तिथापा, बलभद्र कुँवर, नरे कार्कीहरू जन्मता उत्पन्न भए, तर जे हुनु थियो ... भयो ... बितेको कुरा बिस्यो। अब हामीलाई सुतेको देशलाई फेरि प्रबुद्ध पारेर जगाउन देशप्रेम चाहिएको छ- पारिस्परिक स्नेह चाहिएको छ। जनतामा त्यो चाँहो भिज्ने प्रचारको साधन शृङ्गार रस नै हो भन्ने ठहऱ्याएर न हामीले त्यस्तै लेख्न थालेका हौं। अहिले फेरि आँखी नहुने विषय पनि त त्यही छ।

लक्ष्मीदत्त– हो मान्छेले आँखा चिम्लिने विषय त्यही हो।

मोतीराम– चीफ साहेबबाट सुन्नु भइहाल्यो देशभर शिक्षा फैल्याउने कुरा चलाउँदा कस्तो आफत आइलाग्यो।

लक्ष्मीदत्त– बिचरा चीफ साहेब!

कृष्णदेव– उहाँलाई कृष्णबहादुर मुख्त्यारले धर्मपुत्र पालेको, अरू सोह् भाइको चालचलन विचार नै बेग्लै छ, उहाँको बेग्लै अनि को सहन्छ।

लक्ष्मीदत्त– सोहँ कोडो घोप्टो परेपछि एउटा हात जतिसुकै उत्तानो परेर फैलिए पनि के लाग्छ! जे होस्, तर हाम्रो उठान भएको कुराको त बैठान भएको छैन नि, त्यसै बातिएर कता कता पुग्यो।

कृष्णदेव – अब (**नरदेवलाई देखाएर**) यसैसित सोध्नुपऱ्यो, तैंले हाम्रा भानिज कविदरलाई 'बसमा पऱ्याका' भनेर किन लेखिस्? लौ भन।

नरदेव– हरिवदनले कविजीको मन हरेको कुरा त लोहनीजीले पनि त लेख्नुभएको छ, उहाँ पनि भन्नोस्न।

कृष्णदेव– उसले उसको मन हरेको कि उसले उसको, त्यसमा त दोहोरै हुन सक्छ।

गोपीनाथ-- मन हो हरिच्छ, त्यो स्वभावै हो, हर संयमीले मनको लगाम खिच्न सक्छ भनेर मैले तल्लो हरफमा लेखिहालेको छु:

'देखिन्छ बुद्धी तिनि बुद्धिमानको ।'

नरदेव- तर-तर

कृष्णदेव- कति तर गरिरहेको, भन्न खुलस्त ।

मोतीराम– हो, कुरा गाम राख्नु जाती हुँदैन, सफाई दिनेले पनि त मौका पाउनुपर्छ ।

नरदेव- मलाई हाम्रा भानिज मोतीरामज्यू हरिवदनतिर ज्यादै एकोहरि-नुभए जस्तै लाग्यो र लेखेको ।

मोतीराम- किन ? कसरी ?

नरदेव- हरिवदनको 'हरि' लाई तपाईले आजकाल सबै गजल गीतहरूमा कुनै न कुनै ठाउँमा लुकाएर राख्नुभएको छ ।

लक्ष्मीदत्त- हो ? त्यस्तो ?

नरदेव- इःम देखाइदिऊँ ? -

(मोतीरामको हस्तलिपि पुस्तक पल्टाउँदै)

एक- "पियारा भै हरी मेरा सबै मनमा गरुन् डेरा"

दुई- "आज मोतीलाई हेरी हेरी यसले मन् हरी"

तीन- "अघी पनै सक्तीन है मो हरीका"

चार- "बाजा बजाउ सुन्दछु एक् मन् दिई हरी"

पाँच- "अहा कस्तरी छाति झल्क्यो हरीको,"

जसै मोती-माला झुलाएर आये"

छ- "न त खुस् भईकन प्रेम गरी, न त रिस् गरीकन मन् हरी"

सात- "क्या चलाकी गर्दछौ मेरा उपर तिम्ले हरी"

आठ- "बेसै भयछ हार छिन्यो हेर हरीको"

नौ- "सून है सबै हरिको हुकुम, म हुकुम भनूँ कि भनूँ जुलुम्"

लक्ष्मीदत्त– ओहो ! क्या हो ए !

नरदेव– अझ सुन्दै जानोस्न ।

दश– "खूस् गर्न तिमीलाई हरी मोति छरोंला"

एघार– "हरीको देखियो चाला म हर्दम् हुन्छु रख्वाला"

बाह्र–"असल् दर्जा गरिन्मेरो हरीले

तेह्र– "कसी सेखि जावैन एक्दिन् हरीको"

चौध– "सुनिस् मोती हरिको नामले आठै प्रहर सम्मन्"

कृष्णदेव– यसले त अचम्मैसित जम्मा गरेछ !

गोपीनाथ– अचम्म ! विचम्म !

नरदेव– अझ भन्दै जाऊँ कि अब पुग्यो ?

कृष्णदेव– भन्दै जा, भन्दै जा, परिपाठ नपार् ।

नरदेव– पन्ध्र–"सहज्मै छ मन हर्ने सक्नू हरीले"

सोह्र–"पैल्ला छ मोती हेर हरीको कउन् खाव्"

सत्र–"म भन्दै थिएँ हे हरी होस राखे"

अट्ठार–"कुनै मन नपर्नू हरीको भने

हिरा मोती माणिक छानूँ कति"

उन्नैस–"हे हरी अल्छी नगर्नू लेख्न चौठी पत्रमा ।"

अब त भो कि ?

कृष्णदेव– भन्, भन्, बीस नगान सक्छस् भने, अनि मानौंला ।

नरदेव– त्यसो त–

बीस–"मन् महन् भन्दा पनि विघ्नै नरम जाने हरी"

एक्काईस–"बेहिसाब छन् नीर हीरा पर्ल एण्ड एमेरल्ड हियर्"

यहाँ पर्ल त मोती छँदैछ, हरीको निम्ति एमेरल्ड छ ।

बाईस–"झट् आई बचाउ मलाई हरी"

तेईस–"जपमाल हात छ मोतीको हरीका भने तब भैगयो"

मोतीराम– अब भैगयो अब भैगयो अब भैगयो अब भैगयो । त यहाँहरू-लाई मेरा गीत हरिवदनमय भएको हाम्रा मामा नरदेव (सुधा)

ले सुनाउनु भएको कस्तो लाग्यो त ?

लक्ष्मीदत्त– हामीले त यो विचारै गरेका थिएनौं ।

नरदेव यहाँ रिसाउनु हुन्छ कि भन्ने डर लाग्छ र मात्रै ।

मोतीराम– यसमा रिसाउने केही कुरा छैन, किनभने मैले आफ्नो भन्न पनि त पाएँ नि । हो, राम्रो मुख साह्रै शक्तिमान हुन्छ, ज्वाला मुखी देवी जस्तै, त्यस्तै ठान्नु पनि पर्छ । हाम्रो चण्डीमा–

'कास्यास्ते स्त्री महाराज भासयन्ती हिमाचलम्'

कुनै हिमालयलाई नै उज्यालो पार्ने देवीको कल्पना गर्दा कविले अवश्य त्यस्तै सुन्दरीलाई संझेका होलान्, किन नसंझनु ?– सौन्दर्यचेतना त धेर थोर सबैमा हुन्छ, तिनमा असंयमीको प्रवृत्ति व्यभिचारैमा नभए पनि कामवासनामा सीमित रहन्छ, विशुद्ध सौन्दर्य–उपासना त संयमीले मात्र गर्न सक्छ-त्यसमा पनि कवि र कलाकारको त मुख्य कर्तव्य नै सौन्दर्य आराधन हो। सौन्दर्यको चरम अनुभूति नै त योगीको समाधि हो । मोतीरामको हरिवदन होस् वा नरदेवको सुधावदन होस् वा लक्ष्मीदत्त पन्तको इन्दु-वदन होस्, त्यसमा के फरक पर्छ ? कसो ?

नरदेव- (मुस्कुराएर) अब हाम्रो बोल्ने कुनै बाटो छैन ।

मोतीराम- आज महिपी जाने भनेको होइन, मामा जाऔं ।

कृष्णदेव- सबै आइपुगेपछि पो, खोइ राजीवलोचन नै आउनुभएको छैन मुख्य । बरु एउटा गीत सुनौन ।

मोतीराम- उसो भए म पन्तजी 'इन्दुको मलाई सबभन्दा मन परेको चाहिं गाउँ है ?- **[हार्मोनियम तानी बजाउन लाग्दछन्**

कृष्णदेव- अवश्य, गाउनोस् । **(तबला आफूतिर तान्दछन्**

मोतीराम- [गाउँछन्]

"म छु दागि, हुन्छु घटी बढी, त पनि चढाइ अकास लग्यो
'अब बेकसुर तिमी इन्दु लौ खस' भन्दछयौ त म खस्तछु ।"

अनि अर्को–

[फेरि गाउँ छन् ।]

"यति सम्मन् भएको हाल् कि ऊ जानोस् कि मैं जानूँ,
कि उस्तैं क्वै भए जान्ला कि ऊ जानोस् कि मैं जानूँ;
यता वर्षन्छ मेघ धारा, उता चम् चम् बिजूलीको,
म इन्दूको के भएँ हुँला कि ऊ जानोस् कि म जानूँ ।
के यो चरम सीमाको सौन्दर्य-उपासना होइन ?

गोपीनाथ-यस्तैमा इस्पातको तरवार लत्याक लुतुक भएर पग्लन्छ ।

मोतीराम– अनि स्वार्थ, अभिमान, मद, मात्सर्य, सब चूर्ण चूर्ण हुन्छन्– मानिस मानिसलाई पूजा गर्छ । अब लोहनीजी 'नाथ'को पनि गाउँछु–

[फेरि गाउँछन् ।]

"अधिको कबल् मनमा छ की कि त थेरि सुन्दरि, बिसियो
कित द्यौ जवाब त यैं भनी 'अधिका कुरा सब बिसियो';
मनमा थियो अघि भेट भएपछि गर्दछू म त वारपार
सुन भेट भो जब हर्षले मनका कुरा सब बिसियो;
तिमि ता बिरानी भयौ जसैं दुःखले निरन्तर बास गऱ्यो,
सुन राजि छू म त मर्नमा तर कालले किन बिसियो ।"

कृष्णदेव– तपाईं ले यसरी गाएको सुन्ने हाम्रो त भाग्य भयो; तर के बुद्धिमान् हुँदा हुँदा तपाईं बुद्ध त हुन लाग्नुभएन ! पन्ध्र वर्षको उमेरमा विहा भएर पनि अहिलेसम्म सन्तान नहुनु त-

मोतीराम– यी सब (पुस्तकहरूलाई लक्ष गरी) के हुन् त ! मेरो हृदयमा कवित्व उठ्जाइदिने कविता माता अनि मबाट सृजना भएका कविता दुहिता__ फेरि तपाईंहरू नै मेरा कवि परिवार–

कृष्णदेव– उसो भए यो पुस्तकालय तपाईंको घर ?––

मोतीराम– हो मामाज्यू यो पुस्तकालय मेरो घर, अनि मेरो घरचाहिं पुस्तकालय; म त्यहाँ पढ्छु यहाँ लेख्छु; हाम्रा राजीवलोचन-

ज्यूको कविता बिर्सनुभो ?-

राजीवलोचन- (नेपथ्यमा तल) माथि को छ ?

कृष्णदेव- ऊ **(उच्च स्वरले)** पाल्नोस्, माथि ।

गोपीनाथ- बूढा पनि आउनुभएछ ।

लक्ष्मीदत्त- किन बूढा भन्नुहुन्छ, तैंतालिस वर्ष त हुनुभयो नि ।

राजीवलोचन र गोपीनाथको प्रवेश

राजीवलोचन-(नमस्कारहरू स्वीकार गर्दै लक्ष्मीदत्तसित) लौ जोडा मिल्यो, अर्का खोसुवा लप्टन साहेब तपाईं पनि यहीं हुनुहुँदो रहेछ, म पनि आइपुगें । आज महिपी जाने भनेर-

कृष्णदेव- यहाँको नामो आयु रहेछ । हाम्रा भट्टजीले कविशिरोमणि-ज्यूको कविता भन्नलाई नाम पनि लिनु यहाँले 'माथि को छ ?' पनि भन्नु, एकैचोटि पन्यो ।

राजीवलोचन- मलाई किन कविशिरोमणि भन्नुहुन्छ ? हामी के कवि, बीरटीका लेख्ने शिखरनाथ पो कवि ।

लक्ष्मीदत्त-(मोतीरामसित) उहाँको कुन कविता पाठ गर्न लाग्नुभएको, सुनौं ।

मोतीराम- ए, यहाँ जहान बच्चाको विषयमा कुरा चल्यो र मैले संझेको-यहाँ यो कविता-

"प्यारी सुन्दरि नेलहुन् पयरका गल्फन्दि छोराहरू ।
नाती हत्कडि हुन्, पनाति ठिगुरा, झेल्खान हो गन्हरू।
दौलथ्मा पनि दौलथी कति गया, कस्को गयोधन् सँगै।
जस्ताले पनि जानु पर्दछ भन्या सुख् छैन आखिर् नगै।।१।।

राजीवलोचन- यहाँ रमानाथजीको पिता भानुभक्त पनि गए अब हामी भानुभक्तहरूलाई पनि नगई सुख छैन ।

मोतीराम- भानुभक्ताचार्यज्यूको रेखाचित्र पनि सिद्धियो, म ल्याउँछु ।

[पर गई भित्तातिर घोप्टयाई
राखेको चित्र त्यार सबले
देख्नेगरी ठड्याउँछन् ।

राजीवलोचन– ओहो ! दुरुस्त भएछ, होइन त ?

रमानाथ– हो; दुरुस्त छ ।

मोतीराम– रमानाथजीको बयान गर्ने शक्ति अन्य रहेछ त, उहाँले भन्दै आनुभयो, चित्रकारले लेख्दै गए, बीचबीचमा उहाँलाई चित्त नबुझ्दा चित्रकारलाई मेट्दै सच्याउँदै गर्नु पऱ्यो। आखिरमा रमानाथजीको त चित्त बुझ्यो । अब हामीहरू त केही सम्झदैनौं । कवि शिरोमणिज्यू त कविसम्राट् भानुभक्त स्वर्ग हुँदा बीस वर्ष जतिको हुनुहुन्थ्यो–

राजीवलोचन– हो, म त राम्रै सम्झन्छु उहाँसित कुराकानी गर्ने सौभाग्य पनि मलाई मिलेको थियो । त्यसैले भनेको बाबु, दुरुस्त छ नु हार मलाई नाम्नै नभनेर देखाइको भए पनि म चिन्दथें । अब दुई चार जना उसबेलाका बूढाहरूलाई नाम पहिले नभनेर चिन्हाए त थाहा भइहाल्छ नि ।

मोतीराम– यहाँले दुरुस्त अनुहार भन्नु भएपछि पुगिहाल्यो नि ।

राजीवलोचन– त्यसो त यो तसबीर र उहाँलाई सम्झेंदा के लाग्छ भने–

"बाली सुग्रिवको दुरुस्त अनुहार एक देखि शंका भयो"
मर्दैनन् कहिल्यै कि क्या कविजि ता ज्यूँदै यहा देखियो ।

मोतीराम-- धर्मदत्तज्यूले पठाउनु भएको चित्रकार शिपालु रहेछन् ।

राजीवलोचन-- तर त्यो कविभन्दा त हैन नि जसले यस अँध्यारो आकाशमा भानुको प्रकाश प्रकाशित गरिदियो । भानुभक्तलाई सबले देखे तर मोतीरामले जस्तो कसले चिन्यो ?--

"जस्तो यो कविता किफायत गरी भाषा बनाई दिया ।
तस्तै मानिसको मनै हरिलिई बुद्धि बढाई दिया ।।

मोती चिरन्जीवी भए ! अन्धकारको गलहार भए !
पन्तजी र म त खोस्सियौं, नरदेवलाई राजाको ढोकै बन्द भयो,
तर गाल त हाम्रो यो कवि मण्डलजीलाई नै पऱ्यो, परे परोस् ।
हाम्रो दोष के रे भने महाराजाधिराजलाई कवितामा रुचि
बसाल्यौं रे !

मोतीराम-- कति ठूलो सुनको भारी जत्रो दोष ! होइन अस्ति मलाई महाराजाधिराजबाट पठाइबक्सेको कविता सुन्नुभयो ?

नरदेव- कसै कसैले सुन्नुभयो, कसै कसैले सुन्नुभएको छैन ।

मोतीराम-- (**कागत दिंदै**) लौ गोपीनाथ यो बाचेर सुनाउनोस् ।

गोपीनाथ--(कागत बाच्तछन्)

"मोतीका जोति जस्तो मुख पनि तिमीले क्यान मैलो गरायो ।
मेघ्धारा वर्षदा झैं भुजभरि तिमीले जल्कि आँसु भरायौ ।
आँखा मिच्दा भुजाले गजल पनि सबै पोछि गाला भरायौं
यो सम्झी दूर पर्देस् कति दिन रहुँला जल्दि फिर्न्या गरायौं" ।।

मोतीराम- भैहाल्यो अरू राख्नोस् को आयो ! अब यसलाई कसरी हाम्रो श्लोक संग्रहमा छपाउने ? महाराजाधिराजको नाम दिनु भएन ।

राजीवलोचन- छपाउनु त छपाउनै पर्छ, बस नाम नदिएर 'कस्यापि' मात्रै लेखेर छपाए त ।

लक्ष्मीदत्त- को त्यो ? ओहो, बाबु साहेब पाल्नोस्, पाल्नोस् ।

बाबु साहेब 'गजब' आएर
एउटा चकटीमा बस्तछन् ।

राजीवलोचन-- मोती बाबु, गलाबाट एउटा मोतीको हार गजल चम्का-इदिनुपऱ्यो लौ लौ ; बाबुसाहेबलाई पनि सुनाई दिनुपऱ्यो ।

मोतीराम-- कुन गाऊँ ?

गोपीनाथ- उही 'दुई आँखिभौं'—

मोतीराम-- (गाउँछन्)

दुइ आँखि भौं त तयार छन्, तरवार पो किन चाहियो,
तिमी आफू मालिक भै गयौ सरकार पो किन चाहियो ।।
पहरा कडा छ कटाक्षको, हरदम् तयारी मुहारमा,
घर भन्नु भारि महल् न हो; दरवार पो किन चाहियो ।।
कति चम्किलो छ हँसाइको हिसिमा किरन् पनि दाँतको,
मणि मोति नीर जुहार् न हो अरू हार पो किन चाहियो ।।

मरीचिमान सिंहको प्रवेश

मरीचिमान– (**एकं छिन पछि गम्भीर भएर**) रिजल्ट आइपुछ केदार बाबुकहाँ ।

मोतीराम– के भएछ ?

मरीचिमान– म त पास भएछु ।

मोतीराम– अनि ?

मरीचिमान– यहाँको बिग्र छ ।

एकं छिन सब चूप रहन्छन् ।
मरीचिमान बस्तछन् ।

लक्ष्मीदत्त– केमा बिग्र्यो होला !

मोतीराम– (**मरीचिमानसित**) तपाईं पास हुनु भएछ, खुशी लाग्यो ।

राजीवलोचन– त्यस्तै हो– यत्नेकृते यदि नसिद्धति कोऽत्र दोषः–
यो वर्ष भएन; अर्को वर्ष त भइहाल्छ नि–

मोतीराम– भने जस्तै गरेर वर्ष आइरहे त हो ।

एकं छिन सब फेरि चूप रहन्छन् ।

राजीवलोचन– जाऔं त अब महिपी– हाम्रो कविवरको गीत गाउँदै–
"हिलिमिलि महिपी जाऊ" उठौं ।

मोतीराम– (**सबै उठेपछि**) जानोस्, म त आज नजाऊँ, फेरि एफ. ए. पास नभएर एफ. ए आइ.एस. फेल भएको हुनाले अफसोस मानेर जान्न भन्यो भन्नु होला, मेरो खुट्टामा घाउ छ ।

नरदेव– हो त्यो त, हेर्नु भए पनि हुन्छ ।

लक्ष्मीदत्त- के गर्ौं त हामी पनि जानलाई ?

मोतीराम - देवीलाई आउँछौं भनेर भाकिसकेपछि पनि-

लक्ष्मीदत्त- आज मनमा अशान्ति भएको छ। तपाईंको जस्तै भए पनि झन् एक्लै बस्ने र ?

कृष्णदेव- के भो त, जानोस् तपाईंहरू, म जान पाउन्न, यही बसेर हाम्रो पुरानो हिसाब पनि छ, त्यही मिलाऔंला ।

मोतीराम- म एक्लै बसेर रोइरहुँला भन्ने लाग्ला तपाईंहरूलाई त्यस्तो नमान्नोस्, मेरा मित्र उत्तीर्ण भएकोलाई मैले विशेष महत्त्व दिएको छु, जहांसम्म मेरो सवाल छ कवि शिरमणिज्यूको उपदेश छैदैछ- यत्न गनूं, म आफ्नो ज्यानले भेटेसम्म यत्न गछुं - अनि त भइहाल्छ । हामी बसौं ।

[मोतीराम र कृष्णदेवबाहेक अरू बिस्तारै बिस्तारै निस्कन्छन् ।

कृष्णजी, म अब चाँडै नै कलकत्ता गइहाल्छु ।

कृष्णदेव- जानुहोला, तर किन अहिल्यै ?

मोतीराम- अहिल्यैदेखि पढ्नुपरिहाल्यो नि- अर्को साल पनि फेल हुनुपऱ्यो भने त सबको अगिल्तिर मनुं भो। बिन्ति छ, यो हार्मोनियम यतावाट हटाइदिनोस्; म अब उत्तीर्ण नभइकन यी सजावटलाई छुन्न । म अब गाउँदिन, कविता पनि रच्तिन । प्रियदर्शिका' अपूर्ण रहोस् म अब पढ्छु, पढ्छु; पढ्छु/

कृष्णदेव- फेरि पढ्दा पढ्दै अति गरेर जोउ बिगानुं होला भानिजको त अति गर्ने बानी छ ।

[मोतीरामको अगिल्तिरबाट हार्मोनियम झिकी पन्छाइदिन्छन् ।

मोतीराम- आमालाई कसरी मुख देखाऊं ।

कृष्णदेव– कविता गीततिर लाग्दा पढाइपट्टि बिग्रेको भनेर गालि गर्नु-हुनेछ, होइन ?

मोतीराम– गालि गरिदिए त हुन्थ्यो, रोइदिनु हुन्छ अनि मलाई असह्य हुन्छ । घर नगएर यतैबाट कलकत्ता जाऊँ भने झन् भएन । कृष्णजी, मलाई जाँचमा आएको भन्दा कठिन यही आमाको प्रश्न भयो ।

कृष्णदेव– यहीं बसेर पढे हुन्न ? आमाको सेवा पनि हुन्छ ।

मोतीराम– सेवाको निम्ति त मैले आफ्नो सट्टामा एउटीलाई बिहा गरेर राखिदिइहालेको छु नि ।

कृष्णदेव– आमाहरूलाई पनि सँगै लिएर उहाँ गए हुन्न ?

मोतीराम– कलकत्तामा घर गर्न जाने हो र, म त तपस्या गर्न जाने, विद्याको साधना गर्न जाने पो त । आमाकै भाषा र आमाकै भूमि– मातृभाषा र मातृभूमिको उत्थान गर्न सबले हुन जाने । आमाकै निम्ति जाने ।

कृष्णदेव– जानोस्, तर जोउ नफाल्नुस् । तपाईंलाई नपाउन्जेल हामी सब मणि हराएका सर्प जस्तै हुनेछौं ।

[पर्दा बन्द हुन्छ ।]

वि. सं. १९५३

भाद्र कृष्ण औंसीको रात

दृश्य ३-उहीं

पशुपति आर्यघाटको सतल ।

सिकिस्त बिरामी मोतीराम भट्ट चन्दन लगाएका, रामनाम ओढेंका ओछ्यानमा लम्पसार परेर पल्टिरहेका हुन्छन् । उनको सिरानपट्टि रिपुमर्दिनी, उनको आमा र त्यसै परतिर जहानहरू छन । उनको खुट्टापट्टि सुब्बा मरीचिमान सिंह, कृष्णदेव पाण्डेय, राजीवलोचन जोशी, लक्ष्मीदत्त पन्त, रमानाथ र गोपीनाथ लोहनी छन् ।

पानसमा बत्ती बालिरहेको छ ।
एक कुनामा खाली वेतको मेच छ ।
सब सुकुलमा बसिरहेका हुन्छन् ।

एक घाटे वैद्य बराबर नाडी हेरिरहेका, एक बन्धु बिरामी-लाई मखौरीले हम्किरहेका हुन्छन् । अगिल्तिर करुवा कचौरा फिकवानीहरू छन् ।

मोतीराम– (झिनु स्वरले) खोइ त पद्मविलासजी ? अझ आइपुग्नु भएन ?

कृष्णदेव– नरदेव गएको छ, उसलाई थाहा छ त्यो डेरा; पत्ता लगाइकन लिएर आउँछु भनेर गएको छ, लिएरै आउला, नत्र यति बेर किन लाउँथ्यो ।

गोपीनाथ– राइनासबाट हिंडेर कति दिनमा हिजै मात्र आइपुग्नुभएको रे डेरामा । कविवरको चिठी पुगेर नै आउँछु भनेर लेख्नुभएको हो, तर पछिल्ला चिठीहरू त अझ पुगेको होओइनन् त्यसैले । आज पहिले त सरासर कविज्यूको घरमा पो जानुभयो होला । अनि–

कृष्णदेव– जहाँबाट भए पनि भाइले पत्ता लगाएर ल्याउँछ ।

लक्ष्मीदत्त– अहिले कस्तो मान्नु भएको छ, अगि औषधि परेदेखि ?

मोतीराम– पन्तजी, शरीर अलिकति मात्रै पनि चाम्रो भइन्जेल अलि अलि औषधि भित्र भिज्दो रहेछ । हेर्नोस् यो शरीर राम्रै झिला भइसकेपछि त औषधि माथि माथिबाटै तहरिएर जाँदो रहेछ । मलाई अब भित्रबाट खिच्दा खिच्दै ल्याइसक्यो । अब मुटुलाई हातले छाम्नुपर्दैन, मुटु आफै छामिन्छ । कुन छिनमा धोमा हुँदा हुँदै टप्प बन्द हुने हो । अहिले म त प्राण खैंचिरहेछु, पद्म–विलासजीसित अन्तिम भेट गर्ने; यसो गर्न पनि हुँदो रहेछ; खिचेर राख्न– कत्रो ठाहा !–

लक्ष्मीदत्त– पानी ल्याऊँ ? **[मोतीरामले बाएको मुखमा चम्चाले अलिकति पानी हालिदिन्छन् ।]**

मोतीराम– मैले त केही अठोट गर्न सकिनँ– आमाले यहीं बसेर मैले प्याक प्याक मुख बाएको हेर्नु जाती कि अन्तै गएर–

रिपुमर्दिनी– बा, अन्त गएर बाबालाई नदेख्ने हुन्छ र, अहिले देखिरहे भन्दा पनि बढ्ता देख्छु बा झन्; मेरो निम्ति केही चन्दा नमान।

शान्तिसित लड्दै जाऊ बा, म त पहिल्यै मरिसकेकी छु, शिला भइसकेकी छु, अब यसभन्दा बढ्ता के बेहोनु पर्ला भनेर डराऊँ, र कहाँ भागूँ ?

मोतीराम– (हात दिएर) मलाई समातिराख्नोस् त ।

रिपुमर्दिनी– असह्य आगो ताप्नुभन्दा आगैभित्र पस्नु जाती छ बा ।

मोतीराम– मलाई आज बिहानदेखि यो एक पाउ-कविता–

पद्म विलास र नरदेवको प्रवेश ।

पद्म विलासजी !

पद्म विलास–मलाई त यहाँ भेट होला भन्ने लागेको थिएन, राइनासबाट औषधिसमेत लिएर आएको छु ।

[बिस्तारै मोतीरामको आङमा हात फेरेर बस्तछन् ।]

मोतीराम– खोइ ल्याउनोस्, औषधि, तपाईंको बकुन पनि लिइहालुँ जाने बेलालाई समाल । ऊः वैद्यजीले पाँच सात घडीको अवधि दिनुभएको छ । एक दिन ढिलो गरेर आउनुभएको भए हाम्रो भेट नहुने । **[पद्म विलास मोतीरामको चिउडो समाउँछन् अनि सजल नेत्रले उनीलाई हेरिरहन्छन् ।]**

पद्म, तपाईंले सम्झाउन खोज्नुभएको मैले सम्झें भातेरन्दू हरिश्चन्द्र बाबूको हाइस्कूल सम्झे–तपाईंले उसैबेला सम्झाउनुभएको थियो– 'यस्तो दुब्लो छस्, अहिल्यैदेखि यस्तरी भुटभुटिन लागिस् भने–तँ चाँडै नै मछेस!'-नभन्दै त्यस्तै भयो-मेरो केही लागेन, मैले सकिनँ–

पद्म विलास– अनि यो पनि भनेको म सम्झन्छु-अनि पछि हामीलाई कसले बाटो देखाउँछ ?

[एकै छिन सब चूप लागेर आँसु रोक्तछन् ।]

मोतीराम– बाटो सोझो छ ।

राजीवलोचन– हो बाटो सोझो छ, आजको अस्तै औंसीको रातमा

देखिन पनि सक्छ, तर त्यो बत्ती निभ्यो भने अन्दाजले हिंड्दा दश मिनिटको बाटोलाई सय मिनिट लाग्छ। त्यस्तै अब हाम्रो नेपाली साहित्यको समुन्नति हुन एक शताब्दी लाग्नेछ।

लक्ष्मीदत्त– ज्यादा परिश्रम पछि बोल्न नदिनू भन्नु हुन्छ वैद्य बा, तर यो त नसोधी सकिएन-अगि बिहानदेखि के एक पाउ भन्न खोज्नु-भएको थियो-

मोतीराम– ए, आज बिहानदेखि मैले यो एक पाउ तपाईंहरूको अगिल्तिर बिसाउन खोजेको थिएँ- त्यो यही हो-"पछि यो कविता शरण् सकलका पालन् गरून् प्रीतिले !"

नरदेव– "पछि यो कविता शरण् सकलका पालन् गरून् प्रीतिले !"

राजीवलोचन- मोतीबाबु, निश्चित रहनोस्, शरणको मरण हाम्रो कसैबाट हुने छैन; नाना दाना मोती दिई तपाईंले पालन दिएको कवितालाई हामी सन्तान दरसन्तानसम्म बचाई राख्नेछौं, सबैतिरको बाटो बन्द भए पनि अच्युतानन्दहरू जस्ताको-वाष्प-यन्त्र सबैमा खिया लागे पनि कवितालाई अन्धकारभित्र पनि ब्यूझाइराख्छौं। एक दिन जब झलमल्ल घाम लाग्नेछ त्यस वेला हाम्रा कविता संसारका अरूसित दाँजिएर प्रभाती नम्राउन सक्ने हुनेछन्,। बाबु, अनि त्यस बेला पनि प्रत्येक नेपालीको हृदयमा तपाईं ज्यूंदो रहनु हुनेछ। नेपाली साहित्य जगत्ले कहिल्यै यो गुन बिर्सने छैन।

पद्मविलास- मोतीराम, म फेरि क्षमा माग्छु,तँ मनैं सक्तैनस् तँ कहिल्यै पनि मर्दैनस्।

मोतीराम– अब यस्ता आशीर्वाद पाएपछि पनि मैले मनैं डराउनुभयो ? आमा अगि तपाईंले भनेको मैले पढेका पुस्तक जत्ति सब उहाँ पुग्दा मरीचिमानसिंहजीलाई बुझाइदिनुहोला, उहाँले स्कुलको लाइब्रोरिमा राखिदिनुहुन्छ - हैं !

मरीचिमान– म राम्रोसित राखी दिउँला।

मोतीराम- मैले धेरै ठाउँमा चिनु लाएको छु ।

[**नेपथ्यमा खलबल सुनिन्छ ।**

मरीचिमान- चीफ'साहेब ! [**सब उठ्तछन् ।**

देवसमशेरको प्रवेश उनको पछि पछि हरिहर पनि आउँछन् ।

देवसमशेर- बस, बस, बस, नउठ । [**रिपुमर्दिनी नमस्कार, अरू सब स्वस्ति गर्दछन्, मरीचिमान सलाम गर्दछन् ।**

मोतीराम- मेच ! [**नरदेव कुनाको मेच ल्याउँछन् ।**

देवसमशेर- मेच पर्दैन म यहीं बस्छु । बस । [**सब बस्तछन् ।**

(**रुपियाँको थैलो दिंदै**) बज्यै, यसको फलफूल किन्न पठाइ-दिनोस् । जे परे पनि सहनोस् धरतीमाताले जस्तै ।

मोतीराम- खोइ आमा, त्यो थैलो फुकाएर देखाउनुहोस्, मलाई त शंका लाग्यो । [**रिपुमर्दिनी त्यसै गर्दछिन् ।**

ऊः हो त रहेछ त-असरफी !- यतिका !

देवसमशेर- मोती, किन यसो भनेको, मैले चाहेर हुने भए त म तिमीलाई सबभन्दा पहिलो तन्दुरस्ती दिन्थें, के गर्नु, त्यो जतिसुकै सुन थुपारे पनि हुने होइन, यो अलिकति सुन त हार मानेको मात्रै हो—मोतीको हार मानेको ।

[**बीच बीचमा रुमालले आँसु टिप्छन् ।**

मलाई ठूलो आशा थियो.....एक दिन.....

कुनै दिन म नेपाल राज्यभर मोती फलाउन सक्थें.....

.....हरिहर !.....मोतीको शिक्षाप्रचारको सपना साकार गर्न सक्थें.....सास भइन्जेल मानिसको आस हुन्छ, हुन्छ, तर सपनाबाट ब्यूँझन सट्टा झन् मस्त निद्रा परेजस्तो अवस्था देख्ता त.....

मोतीराम- चीफ साहेब, मर्ने बेलामा यसो भन्यो भनेर हजूर दिक्क नमानिबक्सेला—

देवसमशेर- किन मान्थे—

मोतीराम– हजूरको बाहुली ठूलो छ, तर बलियो छैन, त्यसैले मुठ्ठी कस्नै जान्दैन, अहिले मकहाँ ल्याएर यतिका फालिदिइबक्सियो। आमा, यसले के गर्नुहुन्छ ?

रिपुमर्दिनी– बाबाले कुनै शून्य पारिदियो भने त म चीफ साहेबलाई बिन्ति गरेर तिम्रो बाबालाई यहाँ झिकाएर आफ्नै हातले बिहा गरिदिन्छु।

मोतीराम– हुन्छ आमा, गरिदिनोस्।

रिपुमर्दिनी– जति पुछ्यो उति घाउबाट रगत बग्छ, बरु त्यसमा हिर्काई-रहे खाटा बस्ता बस्तै ठेला पर्छ, अनि मरेको छालालाई जति मारे पनि–

मोतीराम– हुने रहेछ भने म फेरि जन्म लिएर तपाईंको झट्केलो भएर पनि छोरो भएर सेवा गर्न आउनेछु। लक्ष्मी कति चञ्चला छे चीफ साहेबले नजर भइहाल्यो– हजूरको इच्छा छ - यसले आमाको छोराको स्याहार गरोस्, तर यसको इच्छा छ आमा-लाई सौंता हाल्ने। म चाहान्छु यसले पुस्तक छापियोस्।

वैद्य– नाडी ज्यादै कमजोर छ, बोल्नलाई अलि सुस्तरी–

मोतीराम– म सुस्तरी बोल्छु। चीफ साहेब, बालक कालदेखिसँगै बस्ता सँगसँगै पढ्दा घेरै आनीबानी थाहा पाइदो रहेछ, त्यसैको आधारमा बिन्ति गरेको, रिसानी नहोस्।

देवसमशेर– म तिमीसित रिसाउँला ?

मोतीराम– मलाई थाहा छ रिसानी हुँदैन, त्यसैले त भनेको। हजूरको छाती पनि त्यस्तै ठूलो छ, ठूलो बैठक जस्तो, तर त्यसमा जति झ्याल ढोका छन् ती सब खुला छन्, बन्द गर्न हुने जति खापा कतै छैन, अग्लो भांजोहरूको त नाम निशान नै छैन। कर्म-कुमारी रानीसाहेब स्वर्ग भइहाल्यो। त्यही सम्झदा म ई मर्ने बेलामा पनि दुःख लाग्छ।

देवसमशेर– भइहाल्यो दुःख नमान। तिमीले भनेको मैले बुझें। हो

रानीसाहेब पनि यही कुरा सम्झाइरहन्थिन् (आँसु पुछ्दै) तिमीले बनाइदिएको उनीको रामायण म सधैं सम्झिरहन्छु-- 'फेरि कहाँ पाउँ मेरी कर्मकुमारी देवी'- भनिले मेरो मनमा फेरि अर्को रामायण गुँज्न थालेको छ- 'फेरि कहाँ पाऊँ अब मोतीराम' !

मोतीराम-भैहाल्यो मलाई नरुवाइबक्सियोस्, भाग्यलाई सधैं हँसाइ-बक्सियोस् !

देवसमशेर- तर नोतिको बाटो भए मेरो भाग्यले कहिल्यै पनि सोझो पाएन । त्यसैले सोझैं बाटो जाउँला र पाउँला भन्ने पनि केही रहेनछ । सोझैं बाटोमा दुई सय पाठशाला बनाउन सकिंदो रहेनछ, नेपालमा एउटा पनि पत्र-पत्रिका छापिन सक्तो रहेनछ भन्ने कुरा पनि देखिहालियो । जङ्गलको कुन कुनामा बाघ जस्तै कुनै उपाय लुकिरहेको होला, त्यसलाई भेट्न पनि सयोग नै चाहिंदो रहेछ । राम्रो कुरा गर्दा पनि आफ्नो माथि शत्रु हुँदो रहेछ । किनभने त्यो राम्रो कुराले उसको स्वार्थलाई धक्का लाग्दो रहेछ, के लाग्यो । फेरि कसैलाई केही नभनेर मुख बन्द गरूँ गजबारसमेत हालिदिऊँ, तर त्यसले पनि त काम बन्दैन-आगोमा एक चोटि औंला नघुसारीकन आगोले पोल्छ भनेर कसले जान्यो ? सबैतिर छामूँ, कतै न कतै कसो नभेटिएला-उपाय ।

[उठ्तछन् ।

मोतीराम बाहेक सब उठ्छन् ।

मोतीराम- हजूरको उत्तरोत्तर वृद्धि होस् !

देवसमशेर- म जान्छु । रमानाथलाई महाराजले चार सय बक्सेको छ, मकहाँ लिन आए । सब साथी कविहरूको शुभकामनाले मोतीलाई.....म ज्यानले भेटेसम्म तिम्रो इच्छा पूर्ण गर्नेछु ! ढिलो चाँडो त्यस्तै हो ।

मोतीराम– हजुरको जय होस् !

[देवसमशेर निस्कन्छन् ।

(हरिहरसित) पण्डितज्यू पनि सवारीसित पाल्नु भएको होला ।

हरिहर– हो । तिमी– रोग लागेपछि केही लाग्दो रहेनछ; मनोरथ मनमनै विलाउँदो रहेछ । शान्ति होस् !

मोतीराम– त्यसैको निम्ति म घडी गनिरहेछु ।

[हरिहर निस्कछन् ।

सब बस्तछन् ।

यो मेरो व्याथा राजयक्ष्मा ऋषिमुनिहरूले मागेको रोग हो, यसैले रहेछ, कति विस्तारै विस्तारै, पत्तै नपाउने गरेर डुब्दै गएको, हेर्न बैद्य बा ?

[बैद्य शिरले 'हो' भन्दछन् ।

ध्यानमा विलय हुन कति सजिलो ! तर मेरो ध्यान भने आमातिर, अझ आमा–भूईंतिर, अझ आमा–माषातिर धन्वन्तरीसित खिचिन खोज्दछन् ।

राजीवलोचन– यो रोगले पनि बाबुलाई भन्दा तिनै तिनै आमाहरूलाई पिरिरहेछ!!! आमाका त हामीहरू छौं, यस आमा भूईंका पनि लाखौं नरनारी छन्' तर यो व्यूँझन लागेको कविता–मण्डली त अब कतिसम्म सुत्ने हुन् त्यो हाम्रो मन, चित्त, उत्साह भावना, संकल्प कुनैलाई पनि थाहा छैन, भविष्यलाई मात्र थाहा होला !

मोतीराम– मरेकी होइनन्, सुतेकी मात्र हुन् भने एक दिन व्यूँझलिन् !- 'पर्छ यो कविता शरण् सकलका गरून् प्रीतिले !'–

वैद्य– (मोतीरामको हात खसेको देखेर) अब त दान गराउने बेला भयो–

पर्दा बन्द हुनासाथ

उपसंहारकको प्रवेश

उपसंहारक– आज १९५३ साल भाद्र कृष्ण औंसीको अँध्यारो वेलामा हाम्रा कविवर मोतीराम भट्टको तीसौं वर्षको जन्मोत्सवकै बेलामा मृत्यु भयो। महापुरुष एक चोटि मर्दछ र जन्मजन्मान्तर जन्मिरहन्छ। फेरि आज २०३३ साल भाद्र कृष्ण औंसीको यो प्रदीप्त रातमा कविवरको ... जन्मजयन्ती मनाइरहेछौं। यो नेपाली भाषा नाटकको पनि जन्मजयन्ती हो, नेपाल गद्य साहित्यको पनि जन्मजयन्ती हो, नेपाली गीति साहित्यको पनि जन्मजयन्ती हो, नेपाली भाषाकाव्य तथा नव राष्ट्रिय साहित्यको पनि जन्मजयन्ती हो वास्तवमा यो नेपाली चैतन्यको शतशत वार्षिकोत्सव हो किनभने कविवर मोतीराम बहुमुखी प्रतिभाशाली थिए अनि आधुनिकताको प्रारम्भमा पथ प्रदर्शन गर्ने एक महान् नेपाली थिए।

[निस्कन्छन्।

८ अक्षरका प्रजापत्य गायत्रीभेद-२५६

८ अक्षरको याजु अनुष्टुप्भेद-२५६

विद्युन्माला— SSSSSSSS-१

ISSSSSSS-२

(म-विपुला)— S SSSSSS-३

IISSSSSS-४

(म-विपुला)— SSISSSSS-५

ISISSSSS-६

SIISSSSS-७

IIISSSSS-८

SSSISSSS-९

ISSISSSS-१०

SISISSSS-११

IISISSSS-१२

SSISSSS-१३

ISIISSSS-१४

SIIISSSS-१५

IIIISSSS-१६

SSSSISSS-१७

गजल— ISSSISSS-१८

(य-विपुला) SISSISSS-१९

1 SSISSS-२०

(विपरीतपथ्या) SSISISSS-२१

ISISISSS-२२

SIISISSS-२३

IIISISSS-२४

(पथ्यावक्त्र)— SSSIISSS-२५

(युग्मविपुल)— ISSIISSS-२६

(पुग्मविपुल)— SISIISSS-२७

IISIISSS-२८

SSIIISSS-२९

ISIIISSS-३०

SIIIISSS-३१

IIIIISSS-३२

SSSSSISS-३३

ISSSSISS-३४

SISSSISS-३५

(र-विपुला)— IISSSISS-३६

(र-विपुला) SSISSISS-३७

(वितान) ISISSISS-३८

SIISSISS-३९

IIISSISS-४०

SSSISISS-४१

ISSISISS-४२

SISISISS-४३

IISISISS-४४

SSIISISS-४५

ISIISISS-४६

SIIISISS-४७

IIISISS-४८

SSSSIISS-४९

ISSSIISS-५०

SISSIISS-५१

IISSIISS-५२

SSISIISS-५३

ISISIISS-५४

चित्रपदा— SIISIISS ५५

IIISIISS-५६

हंसरुत— SSSIIISS-५७

ISSIIISS-५८

SISIIISS-५९

IISIIISS-६०

SSIIIISS-६१

ISIIIISS-६२

SIIIIISS-६३

पुष्पा— IIIIIISS-६४

SSSSSSIS-६५

ISSSSSIS-६६

SISSSS IS-६७

IISSSSIS-६८

SSISSSIS-६९

ISISSSIS-७०

SIISSSIS-७१

IIISSSIS-७२

(त-विपुला)– SSSISSIS-७३
ISSISSISS-७४
SISISSIS-७५
IISISSIS-७६
SSIISSIS-७७
ISIISSIS-७८
SIIISSIS-७९
IIISSIS-८०
(विपरीत पथ्या)– SSSSISIS-८१
ISSSISI-८२
(ए-विपुला)(पथ्यावक्त्र)–SISSISIS-८३
(र-विपुला)(भ-विपुला)-IISSISIS-८४
(नाराचिका)– SSISIIS-८५
प्रमाणिक– ISISISIS-८६
नागरका– SIISISSS-८७

IIISISIS-८८
SSSIISIS-८९
ISSIISIS-९०
(भ-विपला)(पथ्यावक्त्र) SSIISIS-९१
(युग्मविपुला)– IISISIS-९२
(विपरीतपथ्या)-SSIISSII-९३
ISIIISIS-९४
SIIISIS-९५
कमल– IIIISIS-९६
SSSSSIIS-९७
ISSSIIS-९८
SISSSIIS-९९
(भ-विपुला)– IISSSIIS-१००
(भ-विपुल)– SSISSIIS-१०१
ISISSIIS-१०२

माणवक– SIISSIIS-१०३
IIISSIIS-१०४
SSSISIIS-१०५
ISSISIIS-१०६
ISISISIIS-१०७
IISISIIS-१०८
SSIISIIS-१०९
ISIISIIS-११०
SIIISIIS-१११
IIIISIIS-११२
SSSSIIIS-११३
ISSSIIIS-११४
(त-विपुला)
(चपलावक्त्र)SISSIIIS-११५
IISSIIIS-११६

SSISIIIS-११७

ISISIIIS-११८

SIISIIIS-११९

IIISIIIS-१२०

SSSIIIIS-१२१

ISSIIIIS-१२२

SISIIIIS-१२३

IISIIIIS-१२४

SSIIIIIS-१२५

ISIIIIIS-१२६

SIIIIIIS-१२७

IIIIIIIS-१२८

SSSSSSSII-१२९

ISSSSSI-१३०

SISSSSI-१३१

IISSSSSI-१३२

SSISSSSI-१३३

ISISSSSI-१३४

SIISSSSI १३५

IIISSSSI-१३६

SSSISSSI-१३७

ISSISSSI-१३८

SISISSSI-१३९

IISISSSI-१४०

SSISSSI-१४१

ISIISSI-१४२

SIIISSSI-१४३

IIIISSSI-१४४

SSSSISSI-१४५

(चपलावक्त्र)-ISSSISSI-३४६

(चपलावक्त्र)- SISSISSI-१४७

IISSISSI-१४८

(पथ्यावक्त्र)- SSISISSI-१४९

ISISISSI-१५०

SIISISSI-१५१

IIISISSI-१५२

(वक्त्र)-SSSIISSI-१५३

ISSIISSI-१५४

(विपरीतपथ्या)- SISIISSI-१५५

IISIISSI-१५६

SSIIISSI-१५७

ISIIISSI-१५८

SIIIISSI-१५९

IIIIISSI-१६०

SSSSSISI-१६१

1111111-1921

SSSSSSII-1922

SISSSSII-1923

ISSSSSII-1924

SISSSSII-1925

IISSSSII-1926

SSISSSII-1927

ISISSSII-1928

IIISSSII-1929

SSIISSII-1930

SSISSSII-1931

ISSISSII-1932

SISISSII-1933

IISISSII-1934

SSIISSII-1935

ISIISSII-1936

SIIISSII-1937

IIISISII-1938

SSSISISI-1939

ISSISISI-1940

SISISISI-1941

IISISISI-1942

SSIISISI-1943

ISIISISI-1944

SIIISISI-1945

IIISISI-1946

SSSSIISI 1947

ISSSIISI-1948

SISSIISI-1949

IISSIISI-1950

SSIIIISI-1951

ISIIIISI-1952

SIIIIISI-1953

IIIIIISI-1954

SSSSSSII-1955

ISSSSSII-1956

SISSSSII-1957

IISSSSII-1958

SSISSSII-1959

ISISSSII-1960

SIISSSII-1961

IIISSSII-1962

S।।ISS।।-२०७

।।।।SS।।-२०८

(त-विपुला) (य-विपुला)-SSSSIS।।-२०९

(युग्मविपुला)- ISSSIS।।-२१०

(न-विपला) SISSIS।।-२११

(न-विपुला) ।।SSISI।-२१२

SSISISI।-२१३

ISISIS।।-२१४

SIISISI।-२१५

।।।SISI।-२१६

(य-विपुल)- SSSIISI।-२१७

(पथ्यावक्त्र)- ISSIISI।-२१८

वितान म-विपुला)- SISIISI।--२१९

।।SI।SI।२२०

SSI।।SI।-२२१

ISI।ISI।-२२२

SI।।।SI।-२२३

।।।।SII-२२४

SSSSSI।।-२२५

ISSSSI।।-२२६

SISSSI।।-२२७

।ISSSI।।-२२८

SSISSI।।-२२९

ISISSI।।।-२३०

SI।SSI।।-२३१

।।।SSI।।-२३२

SSSISI।।-२३३

ISSISI।।-२३४

।ISISI।।-२३५

।।SISI।।-२३६

SSI।SI।।-२३७

ISI।SI।।-२३८

SI।।SI।।-२३९

।।।।S।।-२४०

SSSSI।।।-२४१

ISSSI।।।-२४२

SISSI।।।-२४३

।।SSI।।।-२४४

SSISI।।।-२४५

ISISI।।।-२४६

SI।SI।।।-२४७

।।।SI।।।-२४८

SSSI।।।।-२४९

ISSI।।।।-२५०

SISI।।।।-२५१

।।SI।।।।-२५२

SSI।।।।।-२५३

SI।।।।।-२५४

SI।।।।।-२५५

।।।।।।।-२५६

Digitised By

www.pustakalaya.org
www.olenepal.org

हाम्रा केही पठनीय कथा, नाटक र निबन्धसङ्ग्रहहरू

कथा

अवमूल्यन	मनु ब्राजाकी
अँध्यारो द्वीपमा	ध्रुवचन्द्र गौतम
आँखीझ्याल	पोषण पाण्डे
आँसु त्यसै त्यसै छचल्किन्छ	दौलतविक्रम विष्ट
उसको आँसु	हृदयचन्द्रसिंह प्रधान
खुला मैदानको कैदी	सन्तोष भट्टराई
तरल कथाहरू	शरद छेत्री
दिशाहीन आकाश	गोपाल पराजुली
दोषी चश्मा	विश्वेश्वरप्रसाद कोइराला
सडक र प्रतिभा	पारिजात
समय पीडा	राजव

नाटक

अनादिक्रम	अशेष मल्ल
अन्धवेग	बालकृष्ण सम
इन्द्रधनुष	भीमनिधि तिवारी
च्यातिएको पर्दा	गोविन्द 'गोठाले'
बौलाहाकाजीको सपना	विजय मल्ल
यो प्रेम	गोपालप्रसाद रिमाल

निबन्ध

आफ्नो बाँसुरी आफ्नै गीत	माधव घिमिरे
केही आत्मपरक निबन्धहरू	आनन्ददेव भट्ट
नमस्ते	ताना शर्मा
पुरस्कारको पातो	मोहनराज शर्मा
प्रवेशिका	भैरव अर्याल
भूमिकै-भूमिका	जनकलाल शर्मा
साहित्य विमर्श	रत्नध्वज जोशी

आवरण मुद्रक : साझा प्रकाशनको छापाखाना, पुल्चोक, ललितपुर, फोन : ५-२१०२३